जेलेन्स्कीद्वारा युक्रेनको 'सुरक्षा सुनिश्चितता' का लागि माग | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com


छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ •अंक २६२ • २०८१ साल फाल्गुन ०४ गते आइतबार (16 February, Sunday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## 'ब्रह्मलुटका लागि अध्यादेश ल्याइएको हो'

**टुडे समाचारदाता**

काठमाण्डु । पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का सम्मानित नेता झलनाथ खनालले सरकारले ब्रह्मलुट गर्नका लागि अध्यादेश ल्याइएको आरोप लगाएका छन् ।

काठमाण्डुमा शनिबार आयोजित एक कार्यक्रमा नेता खनालले दुई तिहाई बहुमत पाएको बेलामा भूमिसुधार गर्न सकिने आधारहरू रहेपनि त्यसतर्फ जान नसकेको बताए । वैज्ञानिक भूमि सुधार गर्नुपर्नेमा सरकारले अहिले ब्रह्मलुट गर्नका लागि अध्यादेश ल्याएको जिकिर गरे ।

उनले कृषि क्रान्ति गर्दै कृषिलाई आधुनिकीकरणतर्फ लैजान जरुरी रहेको स्पष्ट पारे । किसानले बजार नपाउने समस्याको अन्त्य गर्न जरुरी रहेको उनले बताए ।

नेता खनालले देश संकटउन्मुख रहेको बताए । भ्रष्टाचार अन्त्य गरी भ्रष्टाचार गर्नै नपर्ने र गर्नै मन नलाग्ने किसिमको समाजवाद निर्माण गर्न जरुरी रहेको बताए। उनले समाजका विकार र विकृतिहरु हटाउँदै जानुपर्ने स्पष्ट पारे ।

उनले नेपाली भूभाग विदेशीको कब्जामा रहेको र त्यसलाई फिर्ता ल्याउने कुनै पहल हुन नसकेको बताए ।

### लोसपा नेपाल ढुलमुल

# भूमिसम्बन्धी अध्यादेशलाई समर्थन नगर्ने अडानमा जसपा नेपाल कायमै

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारको भूमिसम्बन्धी अध्यादेशलाई स्वीकार नगर्ने आधिकारिक धारणा सार्वजनिक गरेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल ढुलमुल देखिएको छ ।

सरकारले भूमिसम्बन्धी अध्यादेश फिर्ता नलिए सरकारबाट हट्ने चेतावनी दिएका लोसपाका अध्यक्ष महन्थ ठाकुर शनिबार भएको सत्ता गठबन्धनको बैठकमा सहभागी भएर ढुलमुले चरित्र देखाएको आरोप समाजिक सञ्जालमा लगाइएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारी निवास बालुवाटारमा शनिबार भएको सत्तासीन गठबन्धन दलको बैठकमा प्रधानमन्त्री ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सहित जनता समाजवादी पार्टी(जसपा) का अध्यक्ष राई, महासचिव इस्तियाक राइ, लोसपाका अध्यक्ष ठाकुर, वरिष्ठ नेता समेत रहेका मन्त्री शरतसिंह भण्डारी, जनमत पार्टीका उपाध्यक्ष अब्दुल खान, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ लगायत सरकारमा मन्त्रीहरुको सहभागिता रहेको थियो ।

सरकारमा सहभागी राजनीतिक दलका शीर्ष नेताहरुको सम्पन्न बैठकमा हालै जारी अध्यादेशहरू संघीय संसद्का दुवै सदनबाट यथाशीघ्र अनुमोदन गर्ने सहमति भएको छ ।

चाँडोभन्दा चाँडो अध्यादेश पारित गराउन प्रक्रियागत काम अविलम्ब अगाडि बढाउन बैठकमा सहमति भएको उनले बताए ।

'बैठकमा हाम्राबीच भएका सहमतिअनुसार अध्यादेश अगाडि बढ्छ ' मन्त्री लेखकले भने, सकारात्मक रुपमा यो विषय टुंगोमा पुग्छ ।

राष्ट्रियसभाको ६ गते बस्ने बैठकमा अध्यादेशहरू निर्णयार्थ टेबल हुन्छन् ' लेखकले भने, सरकारले ल्याएको



भूमिसम्बन्धी अध्यादेश पास गर्नेबारे जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र उपाध्यक्ष राजकिशोर यादवसँग टेलिफोनमा सम्वाद भएको छ । उनीहरू राजधानी बाहिर रहेकाले बैठकमा उपस्थित नभएको बताउँदै लेखकले काठमाण्डु फर्किएपछि सहमतिमा अगाडि बढ्ने बताए । 'जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र उपाध्यक्ष राजकिशोर यादवसँग टेलिफोनमा सम्वाद भएको छ 'उनले भने, उहाँहरू राजधानी बाहिर भएकाले बैठकमा सहभागी हुन सक्नु भएन । काठमाण्डु फर्किएपछि सम्वाद गरेर सहमतिमा अगाडि बढ्ने सहमति बनेको छ ।

सरकारले जारी गरेका दुवै अध्यादेश प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट स्वीकृत गराइने उनको भनाइ थियो ।

जनता समाजवादी पार्टी नेपाल(जसपा) का नेताहरुसँग पनि सहमति जुटेको दाबी गर्दै भनेले भने, सबै अध्यादेश प्रतिस्थापन गर्नुपर्ने भएकाले दलहरुबीचको छलफलपछि सबैको भावना समेटेर प्रक्रिया प्रारम्भ हुने छ । बैठकमा सरकार र संसद्का कामको प्रभावकारिताका बारेमा पनि छलफल भएको उनले बताए ।

तर भूमिसम्बन्धी अध्यादेशमा सत्तारुढ दलहरूकै बिचमा कुरा मिलेको छैन । सरकारमा रहेका दलहरूले त्यसमा असन्तुष्टि जनाइ रहेको बेला छलफलमा राखेर बाँकी अध्यादेशलाई पास गराउने सहमति भएको बैठकमा सहभागी जसपाका महासचिव राईले बताए ।

'भूमिसम्बन्धी अध्यादेशबाहेक अरू पाँच वटा अध्यादेश पास गराउन सबै दल सहमत भएका छन् ' उनले भने, संसद्को अगामी बैठकबाट त्यसलाई पास गराउने र त्यसपछि भूमिसम्बन्धी अध्यादेशमा रहेको असन्तुष्टिलाई सम्बोधन गरेर अगाडि बढाउने सहमति भएको छ ।'

सत्तारुढ दलको बैठकमा जसपा नेपालबाट कसैको उपस्थिति थिएन । उपत्यका बाहिर रहेका जसपाका अध्यक्ष उपेन्द्र यादवसँग अध्यादेशको विषयमा बैठकबाटै फोनमा कुराकानी भएको बताइएको छ ।

उनले पनि भूमिसम्बन्धी अध्यादेशबाहेक बाँकी पाँच वटालाई पास गराउन सहमति दिएको बताइएको छ । भूमिसम्बन्धी अध्यादेशमा आपत्ति जनाएको लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर बैठकमै उपस्थित थिए ।

बैठकमा नै अनुपस्थित रहेको दलको विषयमा गृहमन्त्री रमेश लेखकले व्यक्त गरेको प्रतिकृयाप्रति जसपा नेपालका प्रवक्ता मनिष सुमनले आपत्ति जनाएका छन् । 'हामीसित अध्यादेशको विषयमा कुनै सहमति भएको छैन' उनले भने, भूमिसम्बन्धी अध्यादेशको पक्षमा जसपा नेपाल छैन ।

अन्य अध्यादेशलाई प्रतिस्थापन माध्यमबाट संशोधनको आवश्यकता रहेको सुमनले बताए । 'सरकारले दर्ता गरेका ६ वटा अध्यादेशको सवालमा जसपा नेपालको बैठकले गरेको निर्णयमा कुनै परिवर्तन भएको छैन' उनले भने, सरकारले आफू खुशी नै अध्यादेश पारित गराउन मुश्किल छ ।

सरकारले माघ १८ गते संसदमा दर्ता गरेको विधेयकहरु फागुन ६ गते राष्ट्रिय सभामा टेबुल गर्ने बताइएको छ ।

भूमिसम्बन्धी अध्यादेशका अन्तर्वस्तु परिमार्जन गर्न कार्यदल बनाइने भएको छ । सत्तासीन दलहरुको बैठकपछि नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले अध्यादेशको अन्तरवस्तु परिमार्जनका लागि कार्यदल बनाउने निर्णय भएको बताएकी छन् ।

कार्यदलमा सत्तारुढ ७ दलबाट १/१ जना सदस्य रहने सहमति पनि बनेको उनले बताइन् । भूमिसम्बन्धी अध्यादेशको लोसपा नेपाल र जसपा नेपालले अस्वीकार गर्ने निर्णय गरेका छन् । अध्यादेशमा थप छलफल गरेर उनीहरूका माग सच्याउन कार्यदल बनाउने सहमति भएको उनले बताइन् । सरकार अध्यादेश फिर्ता लिने पक्षमा रहेको छैन ।






# गौर पुनः जिल्लामा उत्कृष्ट



**टुडे समाचारदाता**

रौतहट । गत आर्थिक वर्षको जस्तै यस आर्थिक वर्षमा पनि गौर नगरपालिका रौतहट जिल्लाको १८ पालिका मध्ये सबै भन्दा उत्कृष्ट बनेको छ ।

मेयर शम्भु साहको सबल नेतृत्व र निति निर्देशनमा यस आर्थिक वर्षमा पनि गौर नगरपालिका जिल्लामै उत्कृष्ट घोषित भएको हो ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको आर्थिक वर्ष २०८०/८१ को कार्यसम्पादन मूल्यांकनमा रौतहटमा गौर नगरपालिका उत्कृष्ट बनेको छ। कार्यसम्पादन मूल्याकंनको आधारमा जिल्लामा गौर नगरपालिका पहिलो उत्कृष्ट बनेको छ भने फतुवा बिजयपुर नगरपालिका सबै भन्दा पूच्छार अन्तिममा परेको छ ।

गौर नगरपालिकाले ६२.१ अंक, ल्याएर पहिलो स्थान अर्थात उत्कृष्ट बनेको प्रमुख प्रशासकिय अधिकृत सुभाष कुमार ठाकुरले बताएका छन् ।

मेयर साहको सुझबुझ, कर्मचारीको मिहिनेत र नगरवासीको सहयोगले दोस्रो पटक गौर नगरपालिका उत्कृष्ट बन्न सफल भएको अधिकृत ठाकुरको भनाई रहेको छ ।

त्यस्तै ईशनाथ नगरपालिकाले ५९.८ अंक ल्याएर दोस्रो,गरुडा नगरपालिकाले ५७.६ अंक ल्याएर तेस्रो बनेको छ। त्यस्तै राजपुर नगरपालिकाले ५६.९ अंक ल्याएर चौथो,दुर्गा भगवती गाउँपालिकाले ५४.८ अंक ल्याएर पाँचौं,मौलापुर नगरपालिकाले ५४.४ अंक ल्याएर छैटौं परोहा नगरपालिकाले ५२.५ अंक,ल्याएर सातौं,राजदेवी नगरपालिकाले ४५.५ अंक, आठौं ,गढीमाई नगरपालिकाले ४४.० अंक, नवौं र चन्द्रपुर नगरपालिकाले ४१.५ अंक,१० औं स्थानमा रहेको छ ।

त्यसैगरी यमुनामाई गाउँपालिकाले ४०.२ अंक,११ औं ,गुजरा नगरपालिकाले ४०.१ अंक, सहित १२ औं,वृन्दावन नगरपालिका ३८.३ अंक, सहित तेह्रौं,माधव नारायण नगरपालिकाले ३६.९ अंक, सहित १४औं,बौधीमाई नगरपालिकाले ३५.३ अंक, सहित १५औं देवाही गोनाही नगरपालिकाले ३५.० अंक, १६ औं,कटहरिया नगरपालिका ३४.६ अंक सहित १७ औं र फतुवा बिजयपुर नगरपालिकाले ३१.४ अंक प्राप्त सहित अन्तिम अर्थात पुछारमा पुगेका छन् ।

स्थानीय तहलाई संघीय सञ्चित कोष तथा प्रदेश सञ्चित कोषबाट प्रदान गर्ने वित्तीय समानीकरण अनुदान अन्तर्गत कार्यसम्पादन मूल्यांकनका आधारमा अनुदान सिफारिसको लागि आयोगले कार्यसम्पादन मूल्यांकन गर्ने गर्दछ ।

यो मूल्यांकन स्थानीय तहबीचको सकारात्मक प्रतिस्पर्धा भएको आयोगले जनाएको छ ।

# प्रदेश स्वयंसेवक शिक्षक परिचालन गर्दै मधेस सरकार




महोत्तरी । मधेश प्रदेश सरकारले विद्यालय शिक्षकको अभाव सम्बोधन गर्न प्रदेश स्वयंसेवक शिक्षक परिचालन गर्ने भएको छ। माध्यमिक विद्यालयमा अङ्ग्रेजी, विज्ञान, नेपाली र गणित विषय शिक्षकको अभाव टार्न मधेस प्रदेश सरकारले तत्काल नै प्रदेश स्वयंसेवक शिक्षक परिचालन गर्ने मुख्यमन्त्री सतिशकुमार सिंहले बताउनुभयो ।

"विद्यालयमा पछिल्लो एक दशकभित्र शिक्षकको नयाँ दरबन्दी भएको छैन, यस कारणले थुप्रै सामुदायिक विद्यालय शिक्षक अभाव खेप्दैछन्", मुख्यमन्त्री सिंहले भन्नुभयो, "यही अभाव तत्कालै पूर्ति गर्न प्रदेश सरकारले स्वयंसेवक शिक्षक परिचालन गर्ने तयारी अघि बढाएको हो ।" यो कामले विद्यालयमा विषयगत शिक्षकको कमीलाई तत्काल परि पूर्ति गर्ने विश्वास लिइएको उहाँले बताउनुभयो ।

सामुदायिक विद्यालयका शिक्षक सेवानिवृत्त हुँदै जाने र नयाँ दरबन्दी व्यवस्थापन नहुँदा यहाँको पठनपाठन नराम्ररी प्रभावित गरेको अवस्थालाई तत्काल सम्बोधन गर्न प्रदेश स्वयंसेवक शिक्षकको व्यवस्था गर्ने तयारी बढाइएको हो । यस प्रयोजनका लागि प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयले एक सय ३२ जना स्वयंसेवक शिक्षकको दरखास्त आह्वान गरिसकेको छ ।

विद्यालय शिक्षालाई सवल, सुदृढ र परिणाममुखी बनाउन प्रारम्भिक पक्ष नै शिक्षक हुने हुँदा यसको अभाव सम्बोधनका लागि काम अघि बढेको प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले बताउनुभयो ।

"माध्यमिक विद्यालयमा विषय शिक्षकको अभावका कारण मधेसको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा अपेक्षित हुनसकेको छैन", मन्त्री तिवारी भन्नुहुन्छ, "यो अभावको परिपूर्ति तत्काल गरिन प्रदेश स्वयंसेवक शिक्षकको अवधारणा ल्याइएको हो ।

" यसका लागि दरखास्त आह्वान भइसकेको हुँदा चाँडै छनोट प्रक्रिया पूरा गरेर विद्यालयमा शिक्षक पठाइने तिवारीले बताउनुभयो ।

> यसका लागि दरखास्त आह्वान भइसकेको हुँदा चाँडै छनोट प्रक्रिया पूरा गरेर विद्यालयमा शिक्षक पठाइने तिवारीले बताउनुभयो ।

यस चरणमा प्रदेशका नमूना विद्यालय र शिक्षक अभाव भएका माध्यमिक विद्यालयमा प्राथमिकता निर्धारण गरेर शिक्षक पठाइने मन्त्रालयको तयारी छ ।

प्रदेश स्वयंसेवक शिक्षकको व्यवस्थाले विषयगत शिक्षक अभाव र विद्यार्थी अनुपातमा शिक्षक अभावको दुवै अवस्थाको सम्बोधन हुने मन्त्रालयको ठम्याइ छ ।

अहिलेको पहिलो चरणमा एसइईमा अधिकांश विद्यार्थी अनुत्तिर्ण हुने गणित, विज्ञान, अङ्ग्रेजी र नेपाली विषयका दक्ष शिक्षकको छनोट हुने मन्त्रालयले स्पष्ट पारेको छ ।

यो व्यवस्थाले सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर, सिकाइ वृद्धि र सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुग्ने मन्त्री तिवारीको भनाइ छ ।

यसक्रममा नयाँ पाठ्यक्रम र शिक्षण शैलीअनुरूप पठनपाठन गराउन सक्ने तालिमप्राप्त शिक्षक प्रतिस्पर्धाबाट छनोट हुने जनाइएको छ । यो व्यवस्थाले खास योग्यता हासिल गरे पनि रोजगारी नपाएका व्यक्तिका लागि सो अवसर पनि बन्ने मन्त्री तिवारीको भनाइ छ ।

प्रदेश स्वयंसेवक शिक्षकको व्यवस्थाले असाध्यै शिक्षक अभावको अवस्थाबाट गुज्रिरहेका विद्यालयको पठनपाठनमा यी नयाँ शिक्षक पुग्नासाथ विद्यालयको नियमित पठनपाठनमा सहजता आउने मन्त्रालयको विश्वास छ । रासस

# मेयर जैसवालद्वारा धर्मशाला शिलान्यास

**टुडे समाचारदाता**

रौतहट । रौतहटको मध्यभाग गरुडा नगरपालिकाका मेयर कन्थमणि जैसवालले एक समारोहका बिच सनिवार कलवार धर्मशालाको शिलान्यास गरेका छन् ।

मेयर जैसवालले गरुडा-६ स्थित पोठियाही गाउँ स्थित विधिवत रूपमा ब्राहमण द्वारा मन्त्रोच्चारण पश्चात धर्मशालाको शिलान्यास गरेका हुन्।नगरस्तरीय बजेटबाट रु. २० लाखको लागतमा कलवार धर्मशालाको निर्माण हुने मेयर जैसवालले बताएका छन् ।

अढाई कठ्ठा क्षेत्रफलमा अगोटर निर्माण भईरहेको धर्मशाला धार्मिक, सांस्कृतिक तथा सामाजिक गतिविधिहरूको लागि महत्वपूर्ण स्थल बन्ने उनले विश्वास व्यक्त गरेका



छन् । गरुडा नगरपालिकाले नगरवासीहरूको धार्मिक तथा सामाजिक आवश्यकताहरूलाई ध्यानमा राख्दै समुचित पूर्वाधार निर्माणमा निरन्तर प्रतिबद्धता जनाइरहेको छ। यस परियोजनाले समुदायबीच भाइचाराको सम्बन्ध मजबुत बनाउने तथा यात्रु एवं श्रद्धालुहरूलाई आवश्यक सुविधा प्रदान गर्ने विश्वास लिएको उनको भनाई रहेको छ ।

शिलान्यास कार्यक्रममा मेयर कन्थमणि जैसवाल सँगै वडा ६ का अध्यक्ष रामबाबु चौधरीलगायतको सहभागिता रहेको थियो ।

# सप्तरीको बलान विहुल कार्यसम्पादन मूल्यांकनमा अगाडि




**टुडे समाचारदाता**

राजविराज । सप्तरीको बलान बिहुल गाउँपालिका कार्यसम्पादन मूल्यांकनमा जिल्ला पहिलो स्थान प्राप्त गर्न सफल भएको छ । राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/०८१ को कार्यसम्पाद मूल्यांकनमा बलान बिहुल गाउँपालिका ५५.९ प्रतिशत अंक ल्याई जिल्लामै पहिलो स्थान प्राप्त गर्न सफल भएको हो ।

कुल १८ पालिका रहेको जिल्लामा ५१.८ प्रतिशत अंक ल्याई बोदेबर्साइन नगरपालिका दोश्रो तथा ४९.५ प्रतिशत अंक ल्याई सुरुङ्गा नगरपालिका तेश्रो स्थानमा रहेका छन् । कार्यसम्पादन मूल्यांकनमा जिल्लामै सबभन्दा कम अंक २९ प्रतिशत ल्याई तिलाठी कोइलाडी गाउँपालिका पुछारमा १८औं स्थानमा रहेको छ ।

आयोगले योजना छनौट, विनियोजित बजेट, त्यस्को कार्यान्वयन, राजस्व निर्धारण, राजस्व संकलन, लक्ष्य प्रगति, लेखापरिक्षण, योजनाको प्रभाव, कार्यालयको व्यवस्थापन, लेखा परिक्षण, बेरुजु लगायतका सूचकका आधारमा १०० पूर्णाङ्क कायम गरी आयोगले आर्थिक वर्ष सकिएपछि प्रत्येक वर्ष प्रदेश र स्थानीय सरकारको कार्यसम्पादन मूल्यांकन नतिजा सार्वजनिक गर्ने गरेको छ । कार्यसम्पादनमा जिल्लामै प्रथम हुन सफल भएपछि गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले सबैको साथ र सहयोग तथा आफ्नो इमान्दारीता पूर्ण प्रयासका कारण यस्तो सफलता मिलेको प्रतिक्रिया दिएका छन् ।

# पर्सामा बाघको निगरानी गर्न क्यामेरा 'ट्रयापिङ'

वीरगञ्ज । पर्सा जिल्लाको साझेदारी वनमा बाघको निगरानी गर्न अत्याधुनिक क्यामेरा ट्रयापिङ गरिएको छ। जिल्लाको साझेदारी वनबाट बस्तीमा बाघको गतिविधि बढेसँगै बाघको गतिविधि नियाल्नका लागि क्यामेरा ट्रयापिङ गर्न लागिएको हो ।



डिभिजन वन कार्यालय पर्साका डिभिजन वन अधिकृत मञ्जुर अहमदले पर्सा जिल्लाको साझेदारी वनमा बाघको गणना गर्नका लागि विभिन्न १२ स्थानमा क्यामेरा ट्रयापिङ गर्न थालेको जानकारी दिनुभयो । "माघ २९ गतेदेखि पर्साको विभिन्न साझेदारी वनमा पनि बाघको गणनाका लागि क्यामेरा ट्रयापिङ सुरूआत गरेका छौं । यसले सामुदायिक वनमा बाघ, चितुवालगायतका जङ्गली जनावरको गतिविधि अध्ययन र अनुसन्धानका लागि उपयोगी हुने अपेक्षा राखेका छौं", उहाँले भन्नुभयो, "राष्ट्रिय निकुञ्जभित्र क्यामेरा ट्रयापिङ सामान्यजस्तै भए पनि साझेदारी वनमा भने जिल्लामै पहिलोपटक जडान गरिएको हो ।"

पर्सा जिल्लामा सबैया, बढनिहार र मानवा सवडिभिजन कार्यालय मातहतका क्षेत्रमा तीन-तीन वटा क्यामेरा क्यामेरा ट्रयापिङ जडान गर्न लागिएको हो । त्यस्तै रङ्गपुर, भतौडामा पनि एक-एक र अन्य एक ठाउँमा पनि क्यामेरा ट्रयापिङ जडान कार्य भइरहेको छ । क्यामेरा ट्रयापिङले २४ औं घण्टा बाघलगायतका जङ्गली जनावरको गतिविधिलाई फोटो खिच्नेछ। सो क्यामेराको दैनिक १६ जिपीको क्षमताको तस्बिर खिच्न सक्ने क्षमता रहेको छ । रङ्गपुर सबडिभिजन कार्यालयका फरेष्टर पुरूषोत्तमप्रसाद पटेलले क्यामेरा ट्रयापिङले बाघ, चितुवालगायतको गतिविधि विश्लेषण गर्न पनि मद्दत पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । डब्लुडब्लुएफको सहयोगमा सो क्यामेरा जडान गरिएको हो। रासस

# एकीकृत समाजवादी : स्थायी कमिटी र पोलिटब्यूरो बैठक आह्वान




काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले यही फागुन ६ र ७ गते स्थायी कमिटी र पोलिटब्यूरो बैठक बोलाएको छ।

बैठकमा समसामयिक राजनीतिक विषयवस्तु, सरकारले ल्याएको अध्यादेशका विषयवस्तु, संसद्मा पार्टीको भूमिका प्रभावकारी बनाउने विषय, भ्रष्टाचार, जनजीविकासँग सम्बन्धित मुद्दामा प्रतिपक्ष दलसँगको सहकार्यबारे छलफल गरिने पार्टी महासचिव घनश्याम भुसालले जानकारी दिनुभयो ।

यही फागुन ८ गतेदेखि बस्ने पार्टी केन्द्रीय कमिटी बैठकको एजेण्डा तथा कार्यसूची अनुमोदन गर्ने जनाइएको छ । केन्द्रीय कमिटी बैठकअघि सचिवालय, स्थायी कमिटी र पोलिटब्यूरो बैठकले राजनीतिक प्रतिवेदन, आर्थिक, साङ्गठनिक प्रतिवेदन पारित गर्ने छ ।

केन्द्रीय कमिटी बैठकको अन्य एजेण्डा, कार्यसूची अनुमोदन स्थायी कमिटी बैठकले तय गर्ने छ । सबै जनवर्गीय सङ्गठनका कार्य प्रगति तथा ती सङ्गठनका अधिवेशनबारे निर्णय गरिने छ ।

बैठकले पार्टीको तल्लो तहदेखि सङ्गठन गठन र पुनर्गठन कार्यको समीक्षासहित पार्टीका नेताहरूलाई दिइएको भूगोल केन्द्रित जिम्मेवारीको समीक्षा गर्ने बैठकमा वामपन्थी शक्तिबीच एकता, समान विचारधारा भएका पार्टीसँगको बनाइने मोर्चाबारे निर्णय गरिने प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले जानकारी दिनुभयो। रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** दिन राम्रो छ। सोचेको काम बन्ने छन्।
**वृष :** प्रतिकार गरेर बोल्ने बानीले अप्ठेरो परिस्थिति हुन सक्छ।
**मिथुन :** साना कुरले मन अशान्त बन्नेछ।
**कर्कट :** राज्यको सेवामा भए महत्वपूर्ण काम बन्नेछ।
**सिंह :** साथीभाइले सचेत भएर काम गर्नुपर्नेछ।
**कन्या :** साथीभाइ र आफन्तको साथ मिल्नेछ।
**तुला :** अनुत्पादक क्षेत्रमा खर्च बढनेछ।
**वृश्चिक :** आम्दानीका क्षेत्रमा खर्च बढ्नेछ।
**धनु :** दिन राम्रो छ । साथीको साथ र प्रशंसा प्राप्त गर्ने योग छ।
**मकर :** तपाईले कला र गलाको प्रदर्शन गर्ने दिन हो।
**कुम्भ :** साना कुराले मनमा झन्झट थप्नेछ।
**मीन :** साथीले सकारात्मक व्यवहार देखाएकाले तपाईलाई हुने।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |


### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# नेपाल र भारतबीच उच्च क्षमताका थप प्रसारण लाइन निर्माण गर्ने सहमति



काठमाण्डु । अन्तरदेशीय विद्युत् व्यापारका लागि उच्च क्षमताका प्रसारण लाइन निर्माण गर्ने विषयमा नेपाल र भारतबीच सहमति भएको छ। सरकारले सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादन गर्ने महत्वाकाङ्क्षी लक्ष्य सार्वजनिक गरेको सन्दर्भमा दुई देशबीच उच्च क्षमताको प्रसारण लाइन निर्माण गर्ने विषयमा मतैक्यता भएको हो।

प्रसारण सञ्जालको विस्तारमार्फत विद्युत् व्यापारमा थप सहजता प्रदान गर्न पछिल्लो सहमतिले महत्त्वपूर्ण अर्थ राख्ने विश्वास लिइएको छ। ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव एवं प्रवक्ता सन्दीपकुमार देवका अनुसार सन् २०३४-३५ सम्म निर्माण गर्नेगरी दुईवटा नयाँ र एक हाल सञ्चालनमा रहेको प्रसारण लाइनको क्षमता वृद्धिका सन्दर्भमा महत्त्वपूर्ण सहमति भएको छ।

नेपाल र भारतका ऊर्जासचिवस्तरीय संयुक्त निर्देशक समितिको बैठकले निजगढ/हरनैया-मोतीहारी चार सय केभी क्षमताको प्रसारण लाइन निर्माणमा सहमति भएको छ। यस्तै, कोहलपुर-लखनउबीच पनि चार सय केभी क्षमताको प्रसारण लाइन निर्माण हुने छ। हाल सञ्चालनमा रहेको ढल्केबर-मुजफ्फपुर चार सय केभी क्षमताको प्रसारण लाइनमा उच्च क्षमताको कन्डक्टरद्वारा प्रतिस्थापन गरिने छ। सो प्रसारण लाइनमार्फत हाल आठ सय मेगावाट बिजुली आयात निर्यात भइरहेको छ। सो प्रसारण लाइनमार्फत एक हजार मेगावाटसम्म बिजुली आयात-निर्यातका बारेमा समेत पछिल्लो बैठकमा सहमति भएको छ।

दुई देशबीच यसअघि नै इनरुवा-पूर्णिया र दोदोधारा-बेरेली प्रसारण लाइन निर्माणमा सहमति भएको छ। ती दुवै प्रसारण लाइनको क्षमता चार सय केभी रहने छ। यसैगरी हाल न्यूबुटवल-गोरखपुर चार सय केभी क्षमताको प्रसारण लाइन निर्माणकार्य जारी छ। बिजुली उत्पादन गरेरमात्र नहुने र त्यसलाई क्षेत्रीय बजारमा पुर्‍याउनका लागि उच्च क्षमताको प्रसारण लाइन आवश्यक पर्ने भएकाले दुई देशले त्यसलाई प्राथमिकताका साथ अगाडि बढाएका छन्।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका क्रममा १० हजार मेगावाट बिजुली भारत निर्यातका लागि सहमति भएको सन्दर्भमा उच्च क्षमताका प्रसारण लाइन निर्माण आवश्यक र जरुरी भइसकेको थियो। वर्षायाममा नेपाल विद्युत् प्राधिकरणले भारतलाई बिजुली निर्यात गर्दै आएको छ।

'टोकन'का रूपमा भए पनि बङ्गलादेशसमेत विद्युत् निर्यात सुरु भएको छ। यसलाई थप विस्तार गर्दै लैजाने लक्ष्य राखिएको छ। ऊर्जासचिवस्तरीय संयुक्त निर्देशक समितिको १२औँ बैठकमा त्यसबारेमा महत्त्वपूर्ण सहमति भएको ऊर्जा मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता देवका अनुसार थप विद्युत् निर्यातका लाग स्वीकृति वा सहमति दिने कार्यमा थप सहजीकरण गर्ने सहमति भएको छ।

हाल विभिन्न क्षमताका प्रसारण लाइनमार्फत दुई देशबीच विद्युत् आदानप्रदान भइरहेको छ। सरकारले अगाडि सारेको दीर्घकालीन योजनाअनुसार कुल २८ हजार पाँच सय मेगावाटमध्ये १५ हजार मेगावाट बिजुली निर्यात गरिने छ। त्यसमा १० हजार मेगावाट भारत र पाँच हजार मेगावाट बङ्गलादेश निर्यात गरिने छ। यस्तै, १३ हजार मेगावाट बिजुली भने आन्तरिक खपतका लागि प्रयोग गरिने छ।

उच्च क्षमताका प्रसारण लाइन निर्माणमा भएका पछिल्ला सहमतिले सरकारको दीर्घकालीन लक्ष्य पूरा गर्न सहयोग पुग्ने छ। यस्तै, अरूण तेस्रो जलविद्युत् आयोजनाको प्रवर्द्धक सतलज विद्युत् निगमले पनि चार सय केभी क्षमताको प्रसारण लाइन निर्माण गरिरहेको छ। त्यसलाई समेत विद्युत् व्यापारमा प्रयोग गर्न सकिनेछ।

प्रस्तावित इनरुवा-पूर्णिया र दोदोधारा-बरेली चार सय केभी क्षमताको प्रसारण लाइन निर्माणमा लागि 'निर्माणकार्य संयुक्त उपक्रम' तय गरिने छ। त्यसले क्रमशः सन् २०२८/२९ र २०२९/३० सम्म निर्माण सम्पन्न गराउनका लागि आवश्यक पहल गर्नेछ। नेपालतर्फको प्रसारण लाइन नेपाल विद्युत् प्राधिकरण र भारततर्फको पावर ग्रीडले संयुक्त उपक्रममार्फत निर्माण गर्ने छ। त्यसमा प्राधिकरणको ५१ प्रतिशत र पावर ग्रीडको ४९ प्रतिशत स्वपुँजी रहने छ। संयुत्तः उपक्रम कम्पनी स्थापनासम्बन्धी कार्य एक महिनाभित्र थालनी गर्ने सहमति भएको ऊर्जा मन्त्रालयले जनाएको छ।

त्यस्तै, सुदूरपश्चिम प्रदेशमा सहज बिजुली आयातनिर्यातका लागि चमेलिया-जैलिजीवी दुई सय २० केभी क्षमताको प्रसारण लाइन निर्माण हुनेछ। त्यसका लागि आगामी चैत मसान्तसम्म विस्तृत परियोजना प्रतिवेदन तयार पारिने छ। सो प्रसारण लाइन डबल सर्किट हुने छ। नेपाल खण्डको प्रसारण लाइन प्राधिकरणले र भारततर्फको भने पावर ग्रीडले निर्माण गर्नेछ। सन् २०२७ को डिसेम्बरसम्म सो प्रसारण लाइन निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

भारतीय कम्पनी ग्रान्धी माल्लिकार्जुन राव (जिएमआर)ले माथिल्लो कर्णाली जलविद्युत् आयोजना निर्माणका लागि वित्तीय व्यवस्थापनको अन्तिम तयारी गरिसकेको सन्दर्भमा कर्णाली करिडोरमा पनि उच्च क्षमताको प्रसारण लाइन निर्माण हुने छ। त्यसबाट पनि दुई देशबीच विद्युत् व्यापारमा अर्को मार्ग तय हुने विश्वास लिइएको छ।

चालु आवको चार महिनामा मात्र प्राधिकरणले एक अर्ब ६६ करोड ७८ लाख ९२ हजार युनिट बिजुली भारत निर्यात गरेको थियो। त्यसबाट १२ अर्ब ७१ करोड ९४ लाख ५९ हजार बराबरको आम्दानी गर्न सफल भएको थियो। प्राधिकरणले प्रतियुनिट औसतमा सात रूपैयाँ ६३ पैसामा भारततर्फ बिजुली निर्यात गरेको थियो।

निजी क्षेत्रले बिजुली निर्यातका लागि अनुमति माग गरिरहेको सन्दर्भमा नेपाल र भारतबीच उच्च क्षमताका थप प्रसारण लाइन निर्माण गर्ने सम्बन्धमा भएको सहमतिले मार्गप्रशस्त गर्ने छ। सरकारले हाल संसद्मा विचाराधीन विद्युत् विधेयक पारित गरेपछि निजी क्षेत्रलाई बिजुली निर्यातका लागि अनुमति दिने तयारी गरेको छ। उत्पादन पनि बढाउने र व्यापार विस्तार गर्ने लक्ष्यका साथ सरकार र निजी क्षेत्रले ऊर्जा क्षेत्रमा सार्थक पहल गरिरहेका छन्।

नेपाल र भारतका ऊर्जासचिवस्तरीय संयुक्त निर्देशक समितिको १२औँ बैठक गत माघ २९ गते भारतको राजधानी नयाँ दिल्लीमा सम्पन्न भएको हो। बैठकमा नेपालका तर्फबाट ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य र भारत सरकारको तर्फबाट विद्युत् मन्त्रालयका सचिव पङ्कज अग्रवालको सहअध्यक्षता रहेको थियो। रासस

## सातौँ राष्ट्रिय गुरिल्ला म्याराथन : पुरुषतर्फ रुकुमपश्चिमका दुर्गाराज र महिलातर्फ जुम्लाकी कल्पना विजयी



त्रिवेणी। रूकुमपश्चिमको सानीभेरी गाउँपालिकाको बेलटापु खेलमैदानमा भएको सातौँ राष्ट्रिय सानीभेरी-मौराखारा गुरिल्ला म्याराथन सम्पन्न भएको छ।

उक्त प्रतियोगितामा पुरूषतर्फ रूकुमपश्चिमको मुसिकोट नगरपालिका-५ का दुर्गाराज बुढा प्रथम हुनुभयो भने महिलातर्फ जुम्लाकी कल्पना बुढाले उपाधि पाउनुभयो।

निर्धारित ४८ किलोमिटर दूरी चार घण्टा ५२ मिनेटमा पूरा गरेर दुर्गाराज प्रथम हुँदै नगद रू एक लाख पुरस्कार प्राप्त गर्नुभयो। रूकुमपश्चिमकै सानीभेरी गाउँपालिका-३ का भुवन ओली दोस्रो हुनुभयो। उहाँले निर्धारित दूरी चार घण्टा ५३ मिनेटमा पूरा गर्दै रू ७५ हजार पुरस्कार प्राप्त गर्नुभयो। जुम्लाका शेरबहादुर बुढा तेस्रो हुँदा रूकुमपूर्वको भूमे गाउँपालिकाका शक्तिराम बुढा चौथो हुनुभयो।

शेरबहादुरले रू ४५ हजार र शक्तिरामले रू १५ हजार पुरस्कार प्राप्त गर्नुभयो।

म्याराथनमा पाँचौं स्थानदेखि १०औं स्थानसम्म प्राप्त गर्ने धावकलाई समान रू तीन हजार नगद पुरस्कार उपलब्ध गराइएको सानीभेरी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत दीपक बुढाथोकीले जानकारी दिनुभयो।

महिलातर्फ प्रथम हुनुभएकी जुम्लाकी कल्पना बुढाले निर्धारित ३४ किलोमिटर दूरी तीन घण्टा १४ मिनेटमा पार गर्दै उहाँले रू ६० हजार पुरस्कार प्राप्त गर्नुभयो। निर्धारित दूरी तीन घण्टा १६ मिनेटमा पार गर्दै जुम्लाकी राज्यलक्ष्मी रावत द्वितीय, तीन घण्टा ५७ मिनेटमा दूरी पार गर्दै जुम्लाकै सन्दीपा बुढा तृतीय र जुम्लाकै मिमु बुढा चौथो हुनुभयो। उहाँहरूले क्रमशः रू ४० हजार, रू २० हजार र रू १० हजार नगद पुरस्कार प्राप्त गरेको प्रमुख प्रशासकीय अधिकृत बुढाथोकीले जानकारी दिनुभयो।

महिलातर्फ पनि पाँचौँदेखि दशौँसम्मका धावकहरूले समान रू तीन हजार पुरस्कार प्राप्त गर्नुभयो। महिला र पुरूष दुवैतर्फ विजेतालाई कप, मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको थियो।

प्रतियोगितामा पुरूषतर्फ ६१ जनाले प्रतिस्पर्धा गरेका थिएभने महिलातर्फ ३१ जना धावकले प्रतिस्पर्धा गरेका थिए। हरेक वर्ष सानीभेरी गाउँपालिका फागुन १ गते राष्ट्रियस्तरको गुरिल्ला म्याराथन प्रतियोगिता सञ्चालन गर्दै आएको छ। यसमा राष्ट्रिय खेलकुद परिषद्ले पनि सहयोग गर्दै आएको छ।रासस

## वित्त आयोगको कार्यसम्पादनमा सूर्योदय देशभरमा दोस्रो

फिक्कल। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन मूल्याङ्कनमा इलामको सूर्योदय नगरपालिका देशभरका पालिकामध्ये दोस्रो भएको छ। गत वर्ष जिल्लाको उत्कृष्ट भएको सूर्योदय यस वर्ष पनि ८० दशमलव दुई अङ्क प्राप्त गरी जिल्लामा उत्कृष्ट हुँदै सात सय ५३ स्थानीय तहमध्ये देशभरमा दोस्रो भएको हो। देशभरमा ८१ दशमलव सात अङ्क प्राप्त गरी डडेल्धुराको अमरगढी नगरपालिका उत्कृष्ट भएको छ।

जिल्लाका १० पालिकामध्ये देउमाई र माई नगरपालिकाले समान ६८ दशमलव एक अङ्क हासिल गरी दोस्रो तथा ६५ दशमलव तीन अङ्क प्राप्त गरी इलाम नगरपालिका तेस्रो भएको छ। चुलाचुली गाउँपालिका जिल्लाको गाउँपालिकामध्ये पहिलो भएको छ। आयोगले सार्वजनिक गरेको प्रतिवेदनअनुसार चुलाचुलीले ५८, सन्दकपुरले ५७ दशमलव नौ, फाकफोकथुमले ५६ दशमलव तीन, रोङले ५४ दशमलव नौ, माङसेबुङले ५४ र माईजोगमाईले ४६ दशमलव दुई अङ्क प्राप्त गरेका छन्।

सूर्योदय नगरपालिका प्रमुख रणबहादुर राईले जनप्रतिनिधि र कमर्चारीको सहकार्य, समन्वय एवं तालमेल र सरोकारवालाको सहयोगका कारण आयोगको कार्यसम्पादन मूल्याङ्कनमा आफ्नो पालिका देशभरमा दोस्रो स्थान हासिल गर्न सफल भएको बताउनुभयो।

प्रदेश तथा स्थानीय सरकारको वित्तीय समानीकरण अनुदान सिफारिस गर्न निर्धारण गरिएको कार्यसम्पादन सूचकको मूल्याङ्कन प्रतिवेदनअनुसार वित्त आयोगको विभिन्न १७ सूचकलाई मध्ययनजर कार्यसम्पादन मूल्याङ्कन गर्दै आएको छ। यसमा लेखापरीक्षण, बेरूजु फर्छ्यौट, तोकिएको समयमा बजेट विनियोजन, लक्षित राजस्व सङ्कलनलगायत विषयलाई सूचकका रूपमा राखिएको छ।

'प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८' का आधारमा मूल्याङ्कन गरेर प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहलाई यस्तो अङ्क प्रदान गर्ने गर्छ। कार्यसम्पादनबाट प्राप्त अङ्कका आधारमा स्थानीय तहले सङ्घ सरकारबाट पाउने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने कानुनी प्रावधान छ। रासस

# सडक स्तरोन्नति नहुँदा बाँसखर्कका किसान मर्कामा



म्याग्दी। सडक स्तरोन्नति नहुँदा म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कका किसानलाई सुन्तला ढुवानी गर्न समस्या भएको छ। बाँसखर्क धवलागिरि क्षेत्रमा धेरै सुन्तलाखेती हुने गाउँ हो।

म्याग्दीको कालीपुलबाट बगरफाँट हुँदै बाँसखर्क जोड्ने सडक स्तरोन्नति नहुँदा घुमाउरो र कच्ची सडकमा बढी भाडा तिरेर सुन्तला ढुवानी गर्नुपरेको हो। ठूला सवारीसाधन गाउँमा पुग्न नसक्दा सुन्तला ढुवानी गर्न समस्या भएको बाँसखर्कका अगुवा किसान जगतबहादुर खत्रीले बताउनुभयो।

"साना खालका बुलेरो जीपमा थोरैथोरै सुन्तला टिपेर बेनीसम्म झार्ने र ट्रकमा राखेर देशका विभिन्न ठाउँमा पठाउँदा झन्झटका साथै श्रम र समय धेरै खर्चनुपरेको छ", उहाँले भन्नुभयो, "सडकको समस्याले सुन्तला थिचिने, मिचिने र कुहिएर नष्ट भएर किसानले क्षति व्यहोर्नुपरेको छ।"

दश वर्षअघि स्थानीयवासीले चन्दा सङ्कलन गरेर मार्ग खोलेको पाँच किलोमिटर दूरीको बेनी-बगरफाँट-बाँसखर्कबाहेक बाँसखर्क जोड्ने अरू दुईवटा सडक छन्। बेनी-बगरफाँट-बाँसखर्कभन्दा बेनी-मल्लाज-बाँसखर्क सडक पाँच किलोमिटर र मोहनचोक-मल्लाज-बाँसखर्क सडक १० किलोमिटर घुमाउरो छ।

मल्लाज क्षेत्रको सडक स्तरोन्नति भए पनि बाँसखर्क प्रवेश गरेपछि साँघुरो, ग्रेड तथा मोड नमिलेको कच्ची सडकमा जोखिम मोलेर यात्रा गर्नुपर्छ। बाँसखर्कका दुई सय घरपरिवारले व्यावसायिक सुन्तलाखेती गरेका छन्। यो वर्षमात्र बाँसखर्कबाट रू १८ करोड ४६ लाख मूल्य बराबरको सुन्तला बिक्री भएको वडाध्यक्ष जगबहादुर रोकाले बताउनुभयो।

देशका अन्य ठाउँको बगैँचा निखिएपछि बाँसखर्कको सुन्तला टिपेर बजार पठाउने गरिन्छ। एक जना किसानले वार्षिक रू पाँच लाखदेखि रू ४५ लाखसम्मको सुन्तला बिक्री गर्छन्। सडक सहज हुने होभने सुन्तलालाई सुरक्षित र सहज रूपमा बजारमा पठाउन सकिने, ढुवानीको खर्च घट्ने, यात्राअवधि एक घण्टाबाट १५ मिनेटमा छोटिने वडाध्यक्ष रोकाले बताउनुभयो।

तत्कालीन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणमार्फत अघिल्लो कार्यकालमा बगरफाँट-बाँसखर्क सडक आयोजना सञ्चालन भए पनि पूर्णता नपाउँदै प्राधिकरण खारेज भएपछि सङ्घीय सरकारको वार्षिक कार्यक्रमबाट आयोजना हटेकाले समस्या भएको जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो।

"पुनर्निर्माण प्राधिकरण खारेज भएपछि हराएको योजना खोज्दै सडक विभागदेखि डोलिडार र प्रदेश सरकारसम्म धायौं, कतै पनि कागजात भेटिएन", उहाँले भन्नुभयो, "नयाँ प्रक्रियाबाट सडक स्तरोन्नति गर्न सङ्घीय र प्रदेश सरकारसँग पहल गरेका छौं।" पुरानो योजनामार्फत एक सय ५० मिटर सडक ढलान र केही ठाउँमा पर्खाल तथा नालीमात्र निर्माण भएको छ।

सडकको समस्या देखाउनकै लागि गत माघ ११ गते गाउँपालिका र वडा कार्यालयले गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री पद्मा अर्याल जिसी, उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल, राष्ट्रियसभा सदस्य मनरूपा शर्मा र प्रदेशसभा सदस्य भक्त कुँवरलाई बोलाएर बाँसखर्कमा सुन्तला महोत्सव गरेर ध्यानाकर्षण गराएका थिए।

उक्त कार्यक्रममा आउनुभएका मुख्यमन्त्री पाण्डे, मन्त्री र सांसदहरूले बाँसखर्क जोड्ने सडकलाई स्तरोन्नति गरेर सहज रूपमा सुन्तलालगायत कृषि उपज ढुवानीको व्यवस्था मिलाउने प्रतिबद्धता जनाउनुभएको थियो।रासस

# चौवन्न प्रतिशत सवारीसाधन मापदण्डविपरीत



काठमाण्डु। काठमाण्डु महानगरपालिकाले प्रदूषण परीक्षण गरेका नौ सय ४५ वटा सवारीसाधनमध्ये पाँच सय १५ वटा (५४ प्रतिशत) प्रदूषण मापदण्डविपरीत भेटिएको जनाएको छ।

कामपाले गत पुस २९ देखि सुरू गरेको सडकमा गुडिरहेका सवारीको अवस्था परीक्षणमा दुई सय ४९ वटा पेट्रोलबाट चल्ने गाडीको परीक्षण गर्दा ४४ वटा र छ सय ९६ वटा डिजेलबाट चल्ने सवारीसाधनको परीक्षण गर्दा चार सय ७१ वटा तोकिएको मापदण्डभन्दा विपरीत भेटिएको जनाएको छ।

कामपा वातावरण विभागका प्रमुख सरिता राईका अनुसार कामपाले वातावरणीय सुधार गरेर सहरी स्वच्छता कायम गराउन 'वातावरण तथा प्राकृतिक स्रोत ऐन, २०७७', 'प्रदूषण नियन्त्रण मापदण्ड, २०८१', 'फोहरमैला सङ्कलन तथा ढुवानी कार्यविधि, २०८१' जारी गरेको छ। यी कानुनमा भएका व्यवस्था कार्यान्वयन गर्दै सहरमा गुड्ने सार्वजनिक सवारीको प्रदूषण परीक्षण गरिएको हो।

'प्रदूषण नियन्त्रण मापदण्ड, २०८१' मा पेट्रोल र डिजेलबाट चल्ने सवारी साधन निर्माण अवधिलाई छुट्टाछुट्टै सूचक राखेर मापदण्ड तोकिएको छ। जसअनुसार सन् १९८० सम्म उत्पादन भएका चारपाङ्ग्रे सवारीको कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४ दशमलव ५ प्रतिशत (वाइ भोल्युम) हुनुपर्छ। सन् १९८१ वा त्यसभन्दा पछि उत्पादन भएका सवारीसाधनमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम तीन प्रतिशत (वाइ भोल्युम) हुनुपर्छ।

तीन पाङ्ग्रे सवारीको हकमा सन् १९९१ सम्ममा उत्पादन भएका सवारीमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४ दशमलव ५ प्रतिशत (वाइ भोल्युम) हुनुपर्छ। दुई पाङ्ग्रे सवारीको हकमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४ दशमलव ५ प्रतिशत (वाइ भोल्युम) हुनुपर्छ। सन् १९९४ सम्ममा उत्पादन गरिएका सबै किसिमका डिजेल सवारीसाधनका लागि धुवाँको घनत्व (स्मोक डेन्सिटी) अधिकतम ७५ हर्टिज स्मोक युनिट (एचएसयु) हुनुपर्छ। सन् १९९५ वा सोभन्दा पछि उत्पादन भएका सवारीसाधनका लागि सवारीको धुवाँको घनत्व (स्मोक डेन्सिटी) अधिकतम ६५ हर्टिज स्मोक युनिट (एचएसयु) हुनुपर्छ।

अहिलेसम्ममा ठमेल, मैतीदेवी, चावहिल, खुसिबु, बालाजु, रातोपुल, कुलेश्वर, कमलपोखरी, वनस्थली, कोटेश्वर, दरबारमार्ग, चक्रपथ बल्खु, बबरमहल, टेकु, सुकेधारा, सिनामङ्गल, पानीपोखरी र जमल भएर गुड्ने पेट्रोल तथा डिजेलबाट चल्ने सवारीसाधनको परीक्षण भएको छ। यसरी फेल हुने सवारीमा सार्वजनिक यातायात सेवाका लागि सञ्चालन भएका बस, स्कुल बस, सरकारी कार्यालयले सञ्चालन गरेका बुलेरो, सामान बोक्ने ट्रकलगायत छन्। रासस

# पहिचानको पर्खाइमा 'धान्द्रुके बाजे'

गलकोट (बागलुङ), २ फागुन : जिल्लाको भकुण्डेमा बाँसबाट सामग्री बनाउँदै आउनुभएका एक वृद्धको जीवनको उत्तरार्द्धमा पुग्दा पहिचानविहीन हुनुभएको छ। बागलुङ नगरपालिका-१० भकुण्डेमा बस्दै आउनुभएका शारीरिक तथा मानसिक रूपमा कमजोर वृद्ध अहिलेसम्म पहिचानविहीन हुनुहुन्छ।


करिब ९० वर्षीय उहाँको नाम, ठेगाना र आफन्त नखुल्दा राज्यले दिने सामाजिक सुरक्षा भत्ताबाट वञ्चित हुनुपरेको छ। लामो समयदेखि भकुण्डेका विभिन्न घरमा आश्रय लिएर बस्दै आउनुभएका उहाँलाई स्थानीयले 'धान्द्रुके बाजे' भनेर बोलाउने गरेका छन्। सानै उमेरदेखि भकुण्डेमा आएर बाँसको चोयाका सामग्री बनाएर पेट पाल्दै आउनुभएका उहाँको उमेर बढ्दै जादा पछिल्लो समय हिँड्डुलमा समेत बाधा पुग्न थालेको देखिन्छ।

स्पष्ट बोल्न नसक्ने उहाँ अहिले स्थानीय नरमाया थापाको घरमा आश्रय लिएर बस्नुभएको छ। उहाँ भकुण्डेका परिचित व्यक्ति भए पनि नाम, ठेगाना खुल्न सकेको छैन। राज्यले पहिचानका रूपमा दिने नागरिकता पाउन नसक्दा उहाँ पहिचानविहीन हुनुभएको छ।

"हाम्रो घरमा बस्न लागेको थुप्रै वर्ष भयो, मेरो विवाह भएर आउँदा यही हुनुहुन्थ्यो, अहिले मैरै उमेर ६० पुग्यो, उहाँलाई धान्द्रुके बाजे भने पनि धान्द्रकुमा उहाँको कोही आफन्त पत्ता लागेको छैन, नागरिकता बनाउन वडामा आयोजित शिविरमा पनि लगेका थियौँ, पहिचान नखुलेको भन्दै नागरिकता दिइएन, बुधबार बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्का उहाँलाई भेट्न आउनुभएको थियो, नगरपालिकाको पहलमा नागरिकता बने बुढेसकालमा सहाराविहीनको नामकरण होला", थापाले भन्नुभयो।

उहाँको उमेर ९० वरपर भएको भकुण्डेका पूर्वगाविस अध्यक्ष तथा संविधासभा सदस्य नरबहादुर थापाले बताउनुभयो। उहाँलाई नागरिकता दिनसके उहाँको पहिचान खुल्ने र सामाजिक सुरक्षा भत्ता पाउने बताउनुभयो।

जैमिनीको बिजुवामा जन्मेको र आमाले छोडेपछि धान्द्रुक बसाइँ सरेको भन्नेमात्र सुने पनि अहिलेसम्म आफन्त पत्ता लगाउन नसकिएको र उहाँ बोल्न नसक्ने भएकाले समस्या भएको थापा बताउनुहुन्छ।रासस




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मधेश प्रदेशमा बजेट अभाव

मधेश प्रदेशमा प्रदेशसभाबाट पारित बजेटको भावना विपरीत सरकारले उपभोक्ता समिति मार्फत काम अगाडि बढाएको छ । प्रदेश सभासदको योजनाहरुलाई उपभोक्ता समितिमार्फत काम गर्ने प्रक्रिया अगाडि बढाइएको छ । मधेश प्रदेशमा संसदीय कोष बैधानिक रुपमा छैन । तर निर्वाचित सभासदका लागि झण्डै ५ करोड र समानुपातिक सभासदका लागि डेढ करोड बराबरको योजना छुट्टयाइएको छ । त्यस्ता योजनाहरुको काम अगाडि बढेको छ । मन्त्रालयहरुले सभासदको सिफारिसमा योजना बितरण थालेको छ । सभासद बाहेक रातो किताबमा रहेका योजनाहरु उपभोक्ता समितिमा काम गराउने सहमति भए पनि हाल कार्यदेश वितरणको काम सुरु गरिएको छैन । सबै सामान्य ढंगले अगाडि बढे अर्को हप्ता बजेट पुस्तिकामा सभासद सिफारिस बेगरको योजनाहरु पनि अगाडि बढाइने छ । तर प्रदेशको अर्थ मन्त्रालयले विभिन्न निकायबाट असुल हुने राजस्व संकलन नभएकोले काम अगाडि बढाउन असमर्थता जनाएको छ । प्रदेश सरकारको मुख्य आयस्रोत संघीय सरकारबाट उपलब्ध हुने बजेट नै रहेको छ । प्रदेश सरकारलाई मालपोत कार्यालय, उद्योग लगायत, यातायात लगायतका कार्यालयहरुबाट आन्तरिक रुपमा राजस्व संकलन हुने गरेको छ । तर चालु आर्थिक वर्षमा आन्तरिक राजस्व असुलीमा कमी आएकोले योजनाहरु अगाडि बढाउन समस्या हुने प्रदेश अर्थ मन्त्रालयले संकेत गरेको छ । अर्थले बिभिन्न मन्त्रालयहरुलाई पत्राचार गरी योजनाहरुको स्वीकृत र कुल बजेटको हिसाब, किताब मागेको छ । बजेटको यथार्थ यकिन भएपछि त्यस अनुसारको योजनालाई मात्र अगाडि बढाउन सकिने अर्थको संकेत छ । मधेश प्रदेशमा हाल सम्म बजेट खर्चको अवस्था न्यून छ । केही योजनाहरुको टेण्डर भए पनि अधिकांश योजनाहरुको काम अगाडि बढ्न सकेको छैन । सरकारले कार्यकर्ताहरु पाल्नका लागि १ करोड मुनिको योजनाहरु उपभोक्ता समिति मार्फत गर्नेमा सरकार र विपक्ष सहमत भएको छ । विगतमा उपभोक्ता समितिमार्फत काम हुँदा मन्त्री र सरकारको अत्यधिक आलोचना हुने गरेको थियो । विभिन्न मन्त्रालयका दलालहरुले मदिरा पसलमा योजनाको खरिद बिक्री गर्नेदेखि अग्रिम २० प्रतिशत कमिशन लिने सम्मको आरोप मन्त्रीका दलालहरुमाथि लागेको थियो । जनमत पार्टीका सतीशकुमार सिंहको नेतृत्वमा सरकार गठन भएपछि उपभोक्ता समितिमार्फत काम नगर्ने बजेट नै ल्याएको थियो । बजेटको भावना विपरीत सरकारले उपभोक्ता समितिमार्फत थालेको कामको निर्माण व्यवसायी संघले समेत बिरोध गरेको थियो । तर टेण्डर मार्फत हुने विकास निर्माणको काममा अग्रिम कमिसन नआउने भएकाले सरकार र सभासदहरुले उपभोक्ता समितिलाई प्राथमिकतामा राख्न थालेका छन् । तर यसले समग्रमा प्रदेशको क्षति हुने गरेको छ ।

# पत्रकारिताको विश्वसनीयतामा सङ्कट र अस्तित्वमा चुनौती



राजेन्द्र पन्थी

नेपालमा संस्थागत पत्रकारिताको इतिहास लामो छैन । हामीकहाँ परम्परागत रूपमा कटुवालप्रथा थियो, तोकिएका एक व्यक्तिले घरघरमा खबर पुर्‍याउँथे । यस्तै चिठीका माध्यमबाट खबर तथा सूचना पुर्‍याइन्थ्यो । गाउँगाउँमा गाउँदै हिँड्ने गन्धर्वहरुको गीतबाट पनि मानिसले कुनै अर्को ठाउँको घटना-विवरण थाहा पाउँथे ।

नेपालमा पत्रकारिताको संस्थागत विकास १९५८ वैशाख २४ मा गोरखापत्रको प्रकाशनसँगै भएको हो । गोरखापत्रदेखि आजसम्म आउँदा नेपाली पत्रकारितामा विभिन्न परिवर्तन देखिएका छन् । प्रजातन्त्रको प्राप्ति र पुनः स्थापना हुँदै गणतन्त्रसम्म आइपुग्दा नेपाली पत्रकारिताको अमूल्य योगदान छ । यतिखेर पत्रकारितालाई राष्ट्रको चौथो अङ्ग मानिन्छ । संविधानमा पत्रकारितालाई चौथो अङ्ग नभनिए पनि आम जनमानस र राज्यले नै चौथो अङ्गका रूपमा स्विकार्ने र विश्वास गर्ने परम्परा छ ।

हाम्रो संविधानले प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्दै धारा १९ मा सञ्चारको हक र धारा २७ मा सूचना हकको व्यवस्था गरेको छ । हाम्रो संविधान र कानुनमा पत्रकारितालाई अत्यन्तै महत्त्वपूर्ण स्थान दिएको देखिन्छ । पत्रकारिता भनेको पेसा, व्यवसाय एवं उद्योग हो । पत्रकारिता जनसरोकारको विषय हुनाले यसलाई आमसञ्चार पनि भनिन्छ । जनतालाई सही सूचना सम्प्रेषित गर्ने प्रमुख भूमिका पत्रकारिताकै हुन्छ । पत्रकारिता आम जनताको आवाज पनि हो । जनताको आवाजलाई राज्यसँग पुर्‍याउने र राज्यबाट गरिएका कमी-कमजोरीको पर्दाफास गर्ने एउटा महत्त्वपूर्ण माध्यम पत्रकारिता हो । पत्रकारिता कुनै एक व्यक्तिले एक्लै गर्न सक्दैन । पत्रकारिताका अनिवार्य तत्त्व भनेका आम जनसमुदाय, सञ्चारमाध्यम, पत्रकार हुन् । पत्रकारिताका मूल तीन सिद्धान्त वा सूत्र छन्– एबीसी अर्थात् सत्यता, सन्तुलन र विश्वसनीयता ।

पत्रकार आचारसंहिता (२०७३) मा पत्रकार र सञ्चार-माध्यमका कर्तव्यको व्यवस्था गरिएको छ । जसमा पेसागत मर्यादा, वस्तुनिष्ठ, विश्वनीय र मर्यादित समाचारको सम्प्रेषण, गोपनीयताको सम्मान, गल्ती सच्याउने तत्परता आदि छन् । मूल्य-मान्यता र सिद्धान्त बिनाको पत्रकारितामा सत्यता, सन्तुलन विश्वसनीयताको समन्वय हुँदैन र तिनले जनतालाई सही समाचार सम्प्रेषित गर्न सक्दैनन् । पत्रकारिता हुन पत्रकारिताका न्यूनतम मापदण्ड पूरा र पालना गर्नैपर्छ ।

नेपालको आमसञ्चारको विकासमा पछिल्लो चरणमा गुणात्मकभन्दा संख्यात्मक पत्रकारिताले उछिनेको देखिन्छ । आज नेपालमा मिडियाको जुन गति र रफ्तारमा संख्यात्मक विकास भइरहेको छ, त्यो गतिमा गुणात्मकताको विकासमा भने क्रमशः ह्रास आइरहेको देखिन्छ । कतिपय कहलिएका पत्रकारकै कलम र प्रस्तुतिमा नौटंकी र जादुगरका शैली र प्रस्तुति देखिन्छन् । समाचारका नाममा हेडलाइन बनाइएका छन् तर त्यसमा न समाचार हुन्छ, न त कुनै सन्दर्भ वा विषयको गहिराइ नै । ती केवल समाचारका लागि मात्र समाचार बनिरहेका हुन्छन् । कतिपय नाम कहलिएका टेलिभिजन टक सोहरूमा अध्ययन बिनाका जबर्जस्त प्रश्नहरू सोधिन्छन् । तिनमा विषयको गहिराइ र गाम्भीर्यता हुँदैन । वरिष्ठ पत्रकार भनिँदाहरू नै भ्युज र भीडका पछाडि दगुरेर भाइरल समाचार खोज्न तत्पर हुन्छन्, र त्यसलाई समाचारमा प्राथमिकता दिइरहेका हुन्छन् । वास्तवमा यस्ता किसिमका भाइरल समाचारले समाजलाई सुसूचित गर्नुको सट्टा भ्रमित र खण्डित बनाउँछ; पत्रकारिताको अस्तित्व र विश्वसनीयतामाथि नै ठुलो सङ्कट पैदा हुन्छ । समाजलाई भ्रमित पारेर विखण्डनतिर धकेल्छन् ।

नेपालमा पछिल्ला केही वर्षमा मिडियामाथि अविश्वसनीयता बढिरहेको छ । मिडियाका हेडलाइन टिकाउभन्दा पनि बिकाउ प्रकृतिका देखिन्छन् । आजका सामाजिक सञ्जाल केन्द्रित केही मिडियामा समाजकेन्द्रित भन्दा पनि लाइक, सब्क्राइभ र भ्युज केन्द्रित समाचार देखिन्छन् । सामाजिक संयन्त्रलाई मिलाउनेभन्दा भत्काउने प्रकृतिका समाचारले प्राथमिकता पाइरहेका देखिन्छन् ।

अहिले नेपाली मिडियाले राजनीतिलाई अत्यन्तै प्राथमिकता दिइरहेको हुनाले पनि पत्रकारितामा केही अस्थिरता र विचलन आएको देखिन्छ । मानौँ राजनीतिभन्दा अर्को विषय नै छैन जस्तो गरी हामीकहाँ पत्रकारिता चलिरहेको देखिन्छ । नेपालको तरल र अस्थिर राजनीतिको प्रभाव नेपाली पत्रकारितामा परेको छ । पत्रकारितालाई चलाउने एउटा महत्त्वपूर्ण स्रोत राजनीतिक पार्टी हुनाले नेपाली पत्रकारितामा दलको गुणगान र प्रशंसा ज्यादा भएको देखिन्छ । किसानका समस्या, असहाय र अपाङ्गका समस्या, दुर्गमका कुरा, विभेदका कुरा र भुइँमान्छेका आधारभूत आवश्यकता कुरालाई प्राथमिकताका साथ हेडलाइन बनाएर सम्प्रेषित गर्ने हो भने वा जनताका समस्या बारम्बार हेडलाइन बन्ने हो भने राज्य सोच्न बाध्य हुन्न र ? राज्य संयन्त्र चलाउन बसेकाहरू सतर्क र सचेत हुन्नन् र ?





आमसञ्चार भनेको समाजको ऐना मात्र नभएर वाच-डग (पहरेदार) पनि हो । समाजको चरित्र र स्वरूपको प्रतिरूप मिडियामा प्रतिबिम्बित हुनुपर्छ । देशमा समानता, सुशासन, न्याय र समृद्धिका लागि मिडियाको महत्त्वपूर्ण योगदान हुन्छ ।

सञ्चार-माध्यमका मूलमन्त्र सत्य, सन्तुलन र विश्वसनीयता हो, यसैका आधारमा जनताले सञ्चारमाध्यममाथि विश्वास गर्ने हुन् । संसारको परिवर्तन गर्नुछ भने सबैभन्दा छिटो चल्ने हतियार भनेको पत्रकारिता नै हो भनिन्छ । पत्रकारितामा समाज बनाउने वा हल्लाउने यति ठुलो तागत वा शक्ति हुन्छ कि क्षणभरमै त्यसले उथलपुथल पार्न सक्छ । समाजलाई कुन गतिमा कता लैजाने भन्ने कुरामा पत्रकारिताको पनि महत्वपूर्ण हात हुन्छ ।

पत्रकारिताभित्रको सकारात्मक सन्देशले समाज परिवर्तन गर्न वा सामाजिक चेतना र जागृति फैलाउन निकै ठुलो भूमिका निर्वाह गरेको हुन्छ । मिडिया भनेको निकै संवेदनशील अङ्ग पनि हो । समाचारभित्र समाचार नै हुनुपर्छ । मिडियामा समाचार बन्न 'फाइभ-डब्लु वन-एच' हुनैपर्छ । सिद्धान्त बिनाका समाचारले

नेपालमा वर्षौंदेखि भ्रष्टाचारका काण्डका चाङ लागिरहेका छन् । भनिन्छ, यी कुरामा मिसन पत्रकारिता र खोज पत्रकारिताले आफ्नो धर्म नछोडी निरन्तरता दिओस् त राज्य एक दिन चुकेरै छाड्दैन र ? राज्यलाई खबरदारी गर्ने पत्रकारिताको धर्म होइन र ? यहाँ त कस्तो छ भने काण्ड भनेर एक दिन ब्यानर न्युज आउँछ अनि खोज्दै जाँदा कुनै खास दलको मान्छे पर्छ अनि मिसन पत्रकारिता भनिएको कुरा गुपचुप पत्रकारितामा थन्किन्छ र सेलाउँछ ।

आमसञ्चार भनेको पुलिस र न्यायाधीश दुवै होइन । वास्तविक सत्य र तथ्य घटनालाई देखाइदिने र सम्बन्धित निकायमा पुर्‍याउने पत्रकारिताको धर्म हो । कसैलाई सिध्याउन र उसको छवि नै बिगार्न पत्रकार एकोहोरो लाग्नु पनि हुँदैन ।

असत्य घटनालाई सत्य भनेर बारम्बार हेडलाइन बनाइरहने हो भने पनि आम जनमानसमा सत्य भन्ने भ्रम पैदा हुन्छ, त्यसैले यस्तो समाचारले तत्कालीन रूपमा कोही कसैलाई फाइदा होला तर दीर्घकालीन रूपमा सबैलाई हानि पुर्‍याउँछ ।

कतिपय अवस्थामा कुनै घटना घटेकै हुँदैन तर न्युज आइसकेको अवस्था देखिन्छ । ज्युँदो मान्छे मरेको हुन्छ र मर्न लागेको मान्छेले सहारा पाएको हुँदैन । त्यसैले समाज वा राज्यलाई सही मार्गमा हिँडाउन पत्रकारिताको महत्त्वपूर्ण भूमिका हुन्छ । पत्रकारिता जस्तो अत्यन्तै महत्त्वपूर्ण र संवेदनशील क्षेत्रमा जो-कोही पनि पत्रकार र जे पनि समाचार हुन सक्दैन । पत्रकार हुनका लागि न्यूनतम मापदण्ड पूरा गर्नैपर्छ । पत्रकारिताको आचारसंहिता भित्र पर्दै नपर्ने व्यक्ति जबर्जस्त पत्रकार बनेर आम जनमानसमा सही सूचना सम्प्रेषण हुन सक्छ र ? अरु जुनसुकै विषयमा विषयविज्ञता हासिल नै गरेको भए पनि पत्रकारिताका लागि त्यो व्यक्ति उपयुक्त हुँदैन । पत्रकारिताका लागि पत्रकार नै हुनुपर्छ । जो कोही लहड वा रहरमा सजिलै पत्रकार बन्न सक्दैनन् । आज नेपालमा कतिपय टीभी, छापा र अनलाइन मिडियामा पत्रकारिताका न्यूनतम मापदण्ड पनि पूरा नगरेका तथाकथित पत्रकारको बिगबिगी देखिन्छ । यसले गर्दा पनि गुणात्मकताप्रति निकै प्रश्न उठिरहेको छ । पत्रकारिता प्रश्नको उत्तर खोज्ने ठाउँ हो । प्रश्न गर्न सम्बन्धित विषयमा धेरै खोज र अध्ययन गर्नुपर्छ । सही प्रश्नलाई आधा उत्तर पनि भनिन्छ । अहिलेको विश्व एउटा डिभाइसमा सीमित छ । समय र समाज जहिले पनि नयाँ कुरा खोजिरहेको हुन्छ । पत्रकारिताले पनि समयको गतिसँगै आफ्नो अस्तित्व स्थापित गर्दै समय अनुकूल परिवर्तन हुँदै जानुपर्छ । हिजो वा अस्तिको जस्तो पत्रकारिताले आजको पत्रकारिता चल्दैन । नेपालका कतिपय मिडिया हाउसहरूले हिजो पनि हामी प्रधान थियौँ र आज पनि हामी प्रधान नै हौँ भन्ने तरिकाले हामी जे बोल्छौँ र भन्छौँ, त्यो सबैले स्विकार्नुपर्छ भन्ने तरिकाले नेपाली मिडियाको बजारलाई आफ्नै नियन्त्रणमा लिन खोजिरहेको देखिन्छ । लोकतान्त्रिक युगमा नियन्त्रित वा निरंकुश पत्रकारिता चल्दैन । पत्रकारितामा व्यावसायिकता र जवाफदेहिता अनिवार्य हुन्छ । व्यावसायिक पत्रकारिताको नाम दिएर गुदीरहित भँगेरा टाउके शीर्षक मात्र बनाएर वा जनतालाई भ्रममा पार्न प्रश्नबिनाका उत्तर मात्र पस्केर पत्रकारिता र समाचार हुन सक्दैन । मिडिया, पत्रकार र समाचार हुनका लागि निश्चित व्यावसायिक र कानुनी मापदण्ड पूरा गर्नुपर्छ । अहिले सबैको हातहातमा डिभाइस र इन्टरनेटको पहुँच पुगेको हुनाले जसले पनि समाचार भनेर सम्प्रेषित गर्न सक्छ, त्यो वास्तविक समाचार हुनै सक्दैन । राज्यको चौथो अङ्ग आमसञ्चारलाई सही मार्गमा अगाडि बढाउन र अस्तित्व जोगाउन राज्यले नियन्त्रण होइन, नियमन गर्न जरुरी देखिन्छ ।

(भर्जिनिया, अमेरिका)

# श्रमिक महिलाको पीरः आमा बन्ने कि जागिर रोज्ने ?



अमृता अनमोल

अर्घाखाँचीकी सङ्गीता थापा बुटवलको अमरपथस्थित ब्युटी कलेक्सनमा काम गर्नुहुन्थ्यो । लेखा र व्यवस्थापकको दोहोरो जिम्मेवारी थियो । बिहान ९ देखि साँझ ६ बजेसम्म काम गर्नुपर्थ्यो । तलब, सुविधा र काम गर्ने वातावरण राम्रै थियो । यही कारण १० वर्षअघि देखि अर्थात् कक्षा १२ पढ्दादेखि काम थालेकी उहाँ डिग्री उत्तीर्ण गर्दासम्म त्यहीँ अडिनुभयो । तर, जब सङ्गीता गर्भवती हुनुभयो, काम रोकियो ।

गर्भवती भएदेखि नै कार्यालयमा उहाँप्रतिको व्यवहार फेरिएको थियो । कहिलेदेखि बिदामा बस्ने भनेर सोधिरहन्थे । गर्भ सात महिना पुग्दै गर्दा कम्पनीले बिदामा बस्न दबाब नै दियो । सङ्गीता अमिलो मन बनाउँदै बिदामा बस्नुभयो । सुत्केरीबाट तङ्गेपछि काममा फर्कने मन थियो तर पद खाली छैन भनेर राखिएन । उहाँ वर्षौंदेखि काम गरेको संस्थाबाट खाली हात फर्कनुभयो । सङ्गीता भन्नुहुन्छ, "आमा बन्दा जागिर गुम्यो । सानी नानी छन् भनेपछि नयाँ संस्थामा पनि काम नपाइने रहेछ ।"

नेपालको कानुनले सुत्केरी आमालाई ९८ दिन तलबी बिदाको व्यवस्था गरेको छ । तर, धेरै निजी तथा सामुदायिक संस्थाले अहिले पनि श्रमिक महिलालाई सुत्केरी बिदा दिँदैनन् । बरु बिदा दिनुपर्छ भन्ने डरले गर्भवती भएको थाहा पाएपछि नै कामबाट निकाल्छन् । यसको परिणाम आमा बन्दा जागिर गुमाउने महिला श्रमिक धेरै छन् । कामबाटै निकालिने भएपछि जागिर रोज्ने कि आमा बन्ने ? यस प्रश्नले धेरै कामकाजी महिला तनावमा हुन्छन् ।

श्रमिक महिला आमा बनेकै कारण रोजगारीबाट बाहिरिने घटनाप्रति सरकारी ध्यान भने पुगेको छैन । न त, श्रम कार्यालयले अनुगमन गरेको भेटिन्छ, न स्थानीय, प्रदेश र सङ्घीय सरकारले नै वास्ता गरेको छ । कानुन बनाउने र कार्यान्वयन गर्ने दुवै निकाय मौन छन् । यसले सुत्केरी बिदा सरकारी कार्यालयका कर्मचारीलाई मात्रै हो भन्ने भाष्य निर्माण भएको छ । निजी संस्थाहरु आफ्नो जिम्मेवारीबाट पन्छिइरहेका छन् ।

केही निजी एवं सामुदायिक संस्थाले सुत्केरी बिदा दिन्छन् । तर श्रमिक सुत्केरी भएपछि शिशुको स्याहारका लागि कुनै सुविधा दिँदैनन् । न त, कार्यालयमा शिशु राख्ने व्यवस्था हुन्छ, न शिशुलाई दूध चुसाउने समय र स्थान छुट्याएका हुन्छन् । आठ घण्टा श्रम गर्ने महिलाले शिशुलाई त्यति लामो समय दूध नचुसाई काममा खटिन सक्दैनन् । त्यसपछि बाध्य भएर आमा बनेका श्रमिक जागिर छोड्न पुग्छन् ।

नयाँमा मात्र होइन वर्षौंदेखि काम गरेका संस्थामा पनि श्रमिक महिलाको समस्या यस्तै छ । यो समस्या श्रमिकको ठानिँदैन । कानुनको उपहास भएको पनि मानिँदैन । एउटी महिलाको मात्र समस्या ठानिन्छ । यसैले आमा बनेकै कारण श्रमिक महिला कामबाट बाहिरिँदा पनि उसका लागि बोलिदिने र पैरवी गरिदिने कोही भेटिँदैन । श्रमिककै हितका लागि खोलिएका सङ्घसंस्था पनि यसबारेमा मौन बसेका छन् ।

नेपालको संविधानले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको विषयलाई सुविधा होइन, महिलाको अधिकारका रुपमा परिभाषित गरेको छ । संविधानको धारा, ३८(२) मा 'प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजननसम्बन्धी हक हुनेछ' भनिएको छ । यसको जगमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ बनेको छ । प्रजनन स्वास्थ्य अधिकार ऐनको १३ नम्बर बुँदामा प्रसूति बिदाको व्यवस्था छ ।





ऐनले श्रमिक महिलाका लागि तलबी सुत्केरी बिदा र शिशु हेरचाहको समेत अधिकार दिएको छ । त्यसमा भनिएको छ, 'सरकारी, गैरसरकारी वा निजी सङ्घसंस्थामा कार्यरत महिलालाई सुत्केरी हुनुभन्दा अघि वा पछि कम्तीमा ९८ दिनको तलबसहितको प्रसूति बिदा पाउने अधिकार हुनेछ ।' यसर्थ सुत्केरी बिदा सरकारी कार्यालयका कर्मचारीलाई मात्र होइन । श्रमिक राख्ने निजी र गैरसरकारी संस्थाका लागि पनि हो । सुत्केरी बिदा पाउनु कुनै श्रमिक महिलाको सुविधा मात्र होइन, अधिकार पनि हो । यसर्थ, सुत्केरी बिदाको अधिकारको व्याख्या हुन जरुरी छ । निजी संस्थाले किन सुत्केरी बिदा कार्यान्वयन गर्दैनन् । अनुगमन हुन जरुरी छ ।

प्रजनन स्वास्थ्य अधिकार ऐनले श्रमिक महिलालाई गर्भवती वा सुत्केरी अवस्थामा हुनसक्ने जटिलताबारे पनि सम्बोधन गरेको छ । सबै श्रमिक महिलालाई ९८ दिन बिदा पर्याप्त नहुन सक्छ । गर्भवती वा सुत्केरी अवस्थामा जटिलता देखिन सक्छन् । यस्तो अवस्थामा पनि उनीहरुको श्रम नखोसिने व्यवस्था सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनमा छ ।

ऐनमा उल्लेख छ, 'प्रजनन गर्भवती वा सुत्केरी महिलालाई उक्त बिदा अपुग हुने भएमा विज्ञ चिकित्सकको सिफारिसमा बढीमा एक वर्षसम्मको बेतलबी बिदाको अधिकार हुनेछ ।' सुत्केरी वा गर्भवती समयमा जटिलता भएर सुविधा लिने निजी संस्थाका श्रमिक त छैनन् । सरकारी कार्यालयमा पनि यो वा त्यो बहानामा सुविधा दिइँदैन । यसले श्रमिक महिलाहरु आमा बन्नै डराउने अवस्था देखिन थालेको छ ।

ऐनमा सुत्केरी श्रमिक मात्र होइन, उसको शिशुको सुरक्षा र व्यवस्थापनको अधिकार पनि दिएको छ । ऐनमै सरकारी, गैरसरकारी वा निजी सङ्घसंस्थामा कार्यरत महिलालाई दुई वर्षसम्म कार्यालय समयमा आमाको दूध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउनुपर्नेछ भनिएको छ । कुनै गर्भवतीले मृत शिशु जन्माएमा पनि जीवित शिशु जन्माएसरहको बिदा पाउने अधिकार छ ।

पुरुष कर्मचारीको पत्नी सुत्केरी हुने भएमा पनि सुत्केरी हुनुभन्दा पहिले वा पछि १५ दिन प्रसूति स्याहार बिदा पाउने उल्लेख छ । प्रजनन स्वास्थ्य रुग्णताका कारणले जटिल शल्यक्रिया गर्नुपर्ने भएमा शल्यक्रिया गर्नु पहिले वा पछि कम्तीमा ३० दिनको बिदा पाउने व्यवस्था छ । यस्तो बिदाबारे धेरै निजी सस्थाले बहससम्म पनि गर्दैनन् । उनीहरु काममा बाधा पुग्ने भन्दै तर्किएका छन् । यसबारे को बोल्ने ? अन्यायमा परेका आमा श्रमिकको न्यायका लागि कसले पहल गर्ने ? बहस जरुरी छ ।

सुरक्षित मातृत्व तथा प्रजनन सेवा लिन पाउने हरेक महिलाको आधारभूत अधिकार हो भने सुरक्षित सेवा दिनुपर्ने राज्यको कर्तव्य हो । सुरक्षित मातृत्व महिलाको सुविधाको विषय मात्र होइन, महिला अधिकारको कुरा हो । राज्यको दायित्व पनि हो । महिलाको प्रजनन स्वास्थ्य र सुविधामा सुधार ल्याउन राज्यको भूमिका पनि महत्वपूर्ण हुन्छ ।

श्रमिक महिलाको प्रजनन स्वास्थ्य र सुविधामा सुधार नआए समग्र महिलाको प्रजनन स्वास्थ्य सुध्रँदैन । त्यसैले आमा बन्दाको सुरक्षाका लागि सेवा प्रवाहक संस्था पनि संवेदनशील हुनुपर्छ । श्रमिक महिलाले गर्भवती र सुत्केरी अवस्थामा पाउने सुविधा श्रमिक महिलाको अधिकार हो । सुत्केरी र गर्भवती समयमा श्रमिक महिलालाई दिने सुविधा सेवा प्रदायक संस्थाको कर्तव्य हो, दायित्वका पनि हो ।

पछिल्लो समय कामकाजी महिला बढेका छन् । सरकारी कार्यालयमा भन्दा दश गुणा बढी महिला निजी, सामुदायिक र गैरसरकारी संस्थामा कार्यरत छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार अहिले पनि नेपालमा प्रतिएक लाख जीवित जन्ममा १५१ जना आमाको मृत्यु हुन्छ । यो मातृमृत्यु अहिले पनि उच्च हो । नेपालले दिगो विकासको लक्ष्य पुग्न मातृ मृत्युदर प्रतिएक लाख जीवित जन्ममा ७० भन्दा कम गर्नुपर्छ ।

दिगो विकासको लक्ष्यअनुरुप सन् २०३० सम्ममा यो अनुपात ७० मा झार्ने सरकारको लक्ष्य रहेको छ । यो लक्ष्य भेटाउन श्रमिक महिलाको प्रजनन स्वास्थ्य सुधारका लागि हरेक सेवा प्रदायक संस्थामा अनिवार्य सुत्केरी बिदाको व्यवस्था लागू गर्नुपर्छ । नेपालको संविधान, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन र श्रम कानुन जुनसुकै प्रावधानलाई हेरे पनि आमा श्रमिकका लागि प्रजनन अधिकारको व्यवस्था छ ।

प्रजनन स्वास्थ्यलाई धेरैले अझै पनि एउटी स्वस्थ महिलाले स्वस्थ शिशु जन्माउने प्रक्रिया मात्र बुझेको पाइन्छ । शिशु जन्माउनका लागि आमा स्वस्थ हुनेदेखि शिशु स्वस्थ राख्नेसम्मको प्रक्रिया हो । महिलाले आफ्नो ज्यान जोखिममा पारेर आफ्नो सन्तान मात्र जन्माउँदिनन् देशका लागि नागरिक पनि जन्माउँछिन् । यसर्थ गर्भवती, सुत्केरी र शिशु स्याहारको कुरा श्रमिक महिला र परिवारको विषय मात्र होइन, राज्यकै अपरिहार्य विषय हो । त्यसलाई बुझाउन महिलाप्रति हेर्ने दृष्टिकोणमै परिवर्तन आवश्यक छ ।

प्रजनन स्वास्थ्यमा सुधार ल्याउन श्रमिक महिलाको बिदा र सुविधासम्बन्धी अधिकार कार्यान्वयन गर्नुपर्छ । प्रजनन स्वास्थ्यलाई महिलाको मात्रै विषय बनाइनु हुँदैन । देशकै मामिलाका रुपमा लिनुपर्छ । महिलाका प्रजनन स्वास्थ्यका हरेक चरणमा राज्यको भूमिका र कर्तव्य जोड्नुपर्छ । सरकारीमा जस्तै निजी, सामुदायिक र सरकारी सेवाप्रदायक संस्थामा पनि अविलम्ब सुत्केरी बिदाको अधिकार कार्यान्वयन गरिनुपर्छ । श्रमिक महिलालाई आमा बन्दा जागिर गुम्ने त्रासबाट मुक्त पारिनुपर्छ ।

# ‘सामाजिक न्याय र आर्थिक समृद्धिको अभियान सफल’



बागमती । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल‘प्रचण्ड’ले सामाजिक न्याय र आर्थिक समृद्धिका निम्ति आफ्नो पार्टीले प्रारम्भ गरेको अभियान सफल बन्दै गएको बताउनुभएको छ ।

मकवानपुरको बागमती गाउँपालिका-४भुरभुरेस्थितसहिद स्मृति रङ्गशालामा आजदेखि सुरु भएको ‘बागमती गोल्डकप’ फुटबल प्रतियोगिताको उद्घाटन गर्नुहुँदै उहाँले सुशासनका, राष्ट्रिय स्वाधीनता, सामाजिक न्याय र आर्थिक समृद्धिका पक्षमा आफ्नो पार्टीले थालेको अभियान सफल बन्दै गएको बताउनुभयो ।

“हामीले देशैभरि राष्ट्रिय एकता निर्माणको अभियान थालेका छौँ”, अध्यक्ष दाहालले भन्नुभयो, “सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको अभियानले देशैभरि नयाँ आशाको किरण देखिएको छ ।

” सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको एजेण्डालाई बलियो बनाउँदै आवश्यकताअनुसार सडक, सदन र सरकारका सबै मोर्चाबाट राष्ट्रिय एकताका लागि अगुवाइ गर्ने बताउनुहुँदै अध्यक्ष दाहालले यसमा सबैलाई लामबद्ध हुन आह्वान गर्नुभयो ।

नागरिकलाई स्वस्थ बनाउन र देशको प्रतिष्ठा विश्वव्यापी रुपमा स्थापित गर्न खेलकुदको विकास महत्वपूर्ण भएको उल्लेख गर्नुहुँदै उहाँले स्थानीय सरकारले पनि यसमा ध्यान दिनुपर्छ भन्नुभयो । खेलका कारण देशको प्रतिष्ठा उच्च बनाउन सकिने उहाँको अभिमत थियो ।

बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानको अध्यक्षतामा भएको उक्त कार्यक्रममा बागमती प्रदेशसभा सदस्यहरु प्रेमप्रसाद पुलामी, कुमारी मोक्तान, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितकुमार घलान लगायत उपस्थित हुनुहुन्थ्यो ।

**सामाजिक न्याय र आर्थिक समृद्धिका र सर्लाही मैदानमा**

उद्घाटन खेलमा बागमी गाउँपालिका र बागमती युथक्लब सर्लाहीबीच प्रतिस्पर्धा भइरहेको छ । बागमती गाउँपालिकाको सहयोगमा आयोजित प्रतियोगितामा ‘ए डिभिजन क्लब’का सात र मोफसलका तीन टोली सहभागी छन् ।

**गाउपालिकाको लागनीमा रङ्गशाला**

बागमती गाउँपालिकाले वडा नं ४ भुरभुरेमा सहिद स्मृति फुटबल रङ्गशाला रु तीन करोड ६० लाख ८८ हजारको लागतमा प्यारापिटसहित सुविधासम्पन्न निर्माण गरेको हो ।

बाइस हजार ९२५ वर्गमिटरमा निर्माण भएको रङ्गशालाको क्षमता दुई हजार ५०० दर्शकको छ । रासस

# यथाशीघ्र अध्यादेश अनुमोदन गर्ने सहमति

काठमाण्डु । सरकारमा सहभागी राजनीतिक दलका शीर्ष नेताहरुको आज प्रधानमन्त्री निवासमा सम्पन्न बैठकमा हालै जारी अध्यादेशहरू सङ्घीय संसद्का दुवै सदनबाट यथाशीघ्र अनुमोदन गर्ने सहमति भएको छ ।

चाँडोभन्दा चाँडो अध्यादेश पारित गराउन प्रक्रियागत काम अविलम्ब अगाडि बढाउन बैठकमा सहमति भएको गृहमन्त्री रमेश लेखकले बताउनुभएको छ ।

आज हाम्राबीच भएका सहमतिअनुसार अध्यादेश अगाडि बढ्छ। सकारात्मक रुपमा यो विषय टुङ्गोमा पुग्छ”, बैठकपछि संवाददातामाझ उहाँले भन्नुभयो । एक प्रश्नको जवाफमा उहाँले जनता समाजवादी पार्टी नेपाल( जसपा)का नेताहरुसँग पनि सहमति जुटेको जानकारी दिनुभयो । सबै अध्यादेश प्रतिस्थापन गर्नुपर्ने भएकाले दलहरुबीचको छलफलपछि सबैको भावना समेटेर प्रक्रिया प्रारम्भ हुने उहाँको कथन थियो । बैठकमा सरकार र संसद्का कामको प्रभावकारिताका बारेमा पनि छलफल भएको थियो ।

बैठकमा प्रधानमन्त्री एवं नेकपा(एमाले) का अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, जनता समाजवादी पार्टीका अध्यक्ष अशोककुमार राई, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ र जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानलगायत सहभागी हुनुहुन्थ्यो । रासस

## सांसदसँग रासस संवाद :

# संसद्मा जनताका विषयवस्तु उठाएर मात्रै हुँदैन, कार्यान्वयन गर्नुपर्छ - सांसद कंसाकार

काठमाण्डु । प्रतिनिधिसभामा आएको दुई वर्षभयो । यो दुई वर्षको कार्यकाल मेरो लागि अत्यन्त चुनौतीपूर्ण नै रह्यो । किन भने म करिब ११ वर्ष अगाडि तेजाब आक्रमणबाट पीडित भएको व्यक्ति हुँ । त्यसपछि दुई वर्ष जति कुमारी बैंकमा काम गरेँ । मलाई पहिला राजनीतिक क्षेत्र मन पर्दैनथ्यो । मन नपराइनपराइ पनि केही नयाँ गर्नुपर्छ भन्ने उद्देश्यले राजनीतिमा आएको हो । राजनीतिमा आएपछि धेरै कुरा सिक्ने अवसर पाएँ । हिजोको दिनमा सडकमा आन्दोलन गरेर हरेक कुराको लागि आवाज उठाइरहेकी थिएँ ।

त्यही आवाज मैले आज सदनमा उठाइरहेको छु । सदनमा बसेर जनताको काम गर्न पाइरहेको छु । हिजो म जस्तै एसिड आक्रमणमा परेकाहरूको लागि आवाज उठाइरहेको हुन्थे भने आज सम्पूर्ण देश र जनताका लागि आवाज उठाइरहेको छु । जनताको पक्षमा कानुन निर्माणका लागि पहल गरिरहेको छु ।

संविधान जारी भएको करिब दश वर्ष भएको छ । यो दश वर्षको अवधिलाई हेर्ने हो भने संविधान पूर्ण रूपमा कार्यान्वयन भएको छ भन्ने त होइन, तर केही कार्यान्वयन भएको छ । तर जब कानुन बन्छ, त्यो कानुन व्यावहारिक रूपमा हेर्दा अदालती प्रक्रियासम्म मात्र रहन्छ । कानुन बनाउने मात्रै होइन कि सांसद भएपछि त्यसलाई कार्यान्वयन गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ । f

वसं २०७७ तिर तेजाबसम्बन्धी अध्यादेश आयो । त्यसका लागि कानुन पनि बनेको छ । कानुन बनिसकेपछि अदालती प्रक्रिया मात्रै भयो । जस्तो, आठ वर्षदेखि २० वर्षसम्म कैद भन्ने कुरा आएको थियो । अदालतले फैसला सुनायो, कैद पनि तोकियो तर पीडितले पाउनुपर्ने क्षतिपूर्ति भएन । आज पनि तेजाब खुलेआम बिक्री वितरण भइरहेको छ । तेजाब लिनका लागि हामी सामान्य परिचयपत्र वा कुनै पनि कागजात लिएर जाँदैनौँ । तर अध्यादेश र कानुनअनुसार आफ्नो परिचय नखुलाई तेजाब किन्न पाउनुहुन्न । तेजाब बेच्नेले पनि किन्ने मान्छेको पूरा विवरण लिएर मात्रै किन्न पाउँछ । कानुन यति कडा बनाइएको छ । तर कार्यान्वयन फितलो छ ।

संसद्मा जनताको सवाल अधिकतम उठाइएको छ । तर जनताको विषयवस्तु उठाएर मात्रै के नै हुन्छ र ? कानुन पनि चाहिन्छ । जनताका समस्या समाधन गर्नेतर्फ कानुनले ध्यान दिनुपर्छ । विषयवस्तु उठाउने मात्रैभन्दा पनि कार्यान्वयन हुनुपर्छ । मुलुकको सुशासन र समृद्धिको निम्ति कानुन बनाएर लागू गर्नुपर्छ। निर्वाचनको समयमा राजनीतिक दलका नेताले जनतासमक्ष जुन प्रतिबद्धता जनाएका हुन्छन्, अधिकांश अवस्थामा त्यसको कार्यान्वयन भएकै हुँदैन ।

केही समयअघि सरकारले नेपाललाई डिजिटल नेपाल बनाउने भनेको थियो । तर आज पनि बैंकबाट रकम ट्रान्सफर गर्दा ११-१२ रूपैयाँ काटेको हुन्छ। मन्त्री, सांसद आफैँले संसद्को रोस्ट्रममा उभिएर बोलेको कुरा कार्यान्वयन हुँदैन। त्यसैले मुलुकलाई सुशासन दिँदै समृद्धितर्फ लैजाने हो भने राजनीतिक दलका नेताले भाषण मात्रै गरेर हुँदैन। कार्यान्वयन मुख्य कुरा हो ।



युवालाई रोजगारीको कुरा गर्दा मैले पटकपटक संसद्मा हेटौँडा सिमेन्ट उद्योग सञ्चालन गर्नका लागि कुरा उठाउँदै आएकी छु। यो उद्योग बन्द भएको छ महिना भयो । देशमा चल्दाचल्दै बन्द भएका धेरै उद्योगहरू अहिले पनि बन्द भएका छन् । ती उद्योगलाई सरकारले फेरि सञ्चालन गरेर युवालाई रोजगारीको व्यवस्था गर्नुपर्छ । निजी उद्योगहरू चलि नै रहेका छन् । तर सरकारले सञ्चालन गरेका उद्योग किन बन्द भइरहेका छन् ? त्यसबारेमा सरकारले समीक्षा गरेर अगाडि बढ्नुपर्छ । सरकारहरूले नै भएका कलकारखाना र उद्योगहरू बन्द गरेर युवालाई विदेश जान बाध्य बनाउँदै छन् ।

> युवालाई रोजगारीको कुरा गर्दा मैले पटकपटक संसद्मा हेटौँडा सिमेन्ट उद्योग सञ्चालन गर्नका लागि कुरा उठाउँदै आएकी छु । यो उद्योग बन्द भएको छ महिना भयो । देशमा चल्दाचल्दै बन्द भएका धेरै उद्योगहरु अहिले पनि बन्द भएका छन् । ती उद्योगलाई सरकारले फेरि सञ्चालन गरेर युवालाई रोजगारीको व्यवस्था गर्नुपर्छ ।

एकातिर सरकारले युवालाई रोजगारी दिन्छौँ भनिरहेको हुन्छ, अर्कोतिर भएका उद्योगहरू धमाधम बन्द गर्दै गएको पाइन्छ । यसरी त युवालाई रोजगारी दिन सकिँदैन, देशभित्रै युवालाई राख्न सकिन्न । रोजगारीका लागि सरकारले उत्पादनमा जोड दिनुपर्छ । हेटौँडा कपडा उद्योग, रबर उद्योग, नेपालको गलैँचा विश्वमै प्रसिद्ध छ । रोजगारी सिर्जना गर्न गाह्रो छैन । तर सरकारसँग गर्ने तत्परता छैन ।

मैले केही समय अगाडि जलनसम्बन्धी गैरसरकारी विधेयक संसद्मा दर्ता गरेकी छु । त्योभन्दा पछि सरकारले ल्याएको विधेयक प्रतिनिधिसभामा लगिएको छ । जलनसम्बन्धी विधेयकका लागि मैले मात्र आवाज उठाएर हुँदैन । सबैले आवाज उठाउन जरूरी छ। जलनसम्बन्धी विधेयक अतिआवश्यक विधेयक हो । यसलाई ल्याउनका लागि देशका सचेत नागरिकले सकारात्मक दबाब दिन जरूरी छ । केही दिन अघि काठमाडौँकै एक पसलमा आगलागी हुँदा ११ जना मानिस घाइते भएका छन् । दुई जनाको निधन भयो ।

त्यतिमात्रै होइन विभिन्न समयमा गर्मी वा जाडोको बेलामा मानिस जलनमा परेका हुन्छन । नेपालको तथ्याङ्क हेर्ने हो भने बर्सेनि ६० देखि ६५ हजार मानिस जलनको समस्यामा परेका छन् । उहाँहरूलाई न कुनै उपचार छ, न सरकारले कुनै राहत नै दिएको छ । धेरै आवाज उठिसकेपछि अहिले सरकारले सातै प्रदेशमा जलन अस्पताल बनाउने निर्णय गरेको छ । रासस


**मधेश प्रदेश सरकार**

**खेलकुद तथा समाज कल्याण मन्त्रालय**

**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**

**जनकपुरधाम धनुषा**

**प्रशिक्षार्थी भर्ना सम्बन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१।११।४ गते)

यस केन्द्रबाट चालु आ.व. ०८१।०८२ को स्विकृत वार्षिक कार्यक्रम अनुसार निम्न तालिम कार्यक्रमहरु निशुल्क रुपमा सञ्चालन गरिने भएको हुंदा तपसिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन २०८१।११।१८गते भित्र आफुलाई पायक पर्ने स्थानमा सम्पर्क व्यक्ति संग सम्पर्क गरी रितपुर्वक आबेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | तालिमको विषय | तालिम सञ्चालन स्थल | आवश्यक संख्या | अवधी | योग्यता | आबेदनको लागी सम्पर्क व्यक्ति र फोन नं |
|---|---|---|---|---|---|---|
| १ | विद्युत जडान(२.६.४.१) | हसपुर धनुषा | २० जना | ३९० घण्टा | साधरण लेखपढ | शुसिल कुमार कर्ण९८४४०२५०८३ |
| | | मिरचैया सिराहा | २० जना | ३९० घण्टा | साधरण लेखपढ | रामपुजन महतो ९८१७८९४४१३ |
| | | तिलाठीकोईलाठी सप्तरी | २० जना | ३९० घण्टा | साधरण लेखपढ | रामसेवक मण्डल ९८१७७७६६७७ |
| २ | प्लम्बिंग(२.६.४.२) | पिपरा महोत्तरी | २० जना | ३९० घण्टा | साधरण लेखपढ | महेश राउत ९८०४८११८५० |
| | | भगवानपुर सिराहा | २० जना | ३९० घण्टा | साधरण लेखपढ | मोहन कुमार राम ९८१७७४५१६८ |
| ३ | केश श्रृंगार(ब्युटिपार्लर) २.६.४.३ | तालिम केन्द्र भवन जनकपुर | ४० जना | ३९० घण्टा | १० कक्षा पास | राम नारायण मण्डल ९८४४०५२१०० |
| | | लाहान सिराहा | २० जना | ३९० घण्टा | १० कक्षा पास | सानु चौधरी (९८०५९४०६७६) |
| | | भारदह सप्तरी | २० जना | ३९० घण्टा | १० कक्षा पास | राम सेवक मण्डल (९८१७७७६६७७) |
| ४ | इलेक्ट्रोनिक्स/मोबाईल मर्मत तालिम २.६.४.५ | तालिम केन्द्र जनकपुरधाम | २० जना | ३९० घण्टा | साधरण लेखपढ | श्याम किशोर सहनी ९८४४४०२६४५२ |
| | | गोलबजार सिराहा | २० जना | ३९० घण्टा | साधरण लेखपढ | प्रभात ठाकुर ९८२९७८१५२५ |
| ५ | कम्प्युटर अपरेटर तालिम ,२.६.४.६ | तालिम केन्द्र भवन जनकपुर | ४० जना | ३९० घण्टा | एस ई ई पास | जय प्रकाश यादव ९८१५८७६७८१ |
| ६ | मन्टेश्वरी ३९० घण्टा २.६.४.९ | धारापानी धनुषा | २० जना | ३९० घण्टा | एस ई ई पास | प्रेम लामा ९८२२४६४७०९ |
| | | फत्तेपुर सप्तरी | २० जना | ३९० घण्टा | एस ई ई पास | शैलेष कुमार गुप्ता ९८४२८२२८०४ |
| | | ईश्वरपुर सर्लाही | २० जना | ३९० घण्टा | एस ई ई पास | विश्वनाथ प्रसाद गुप्ता ९८४४०५३९३९ |
| ७ | सिलाई कटाई तालिम २.६.४.२४ | राजबिराज सप्तरी | २० जना | ३९० घण्टा | साधरण लेखपढ | आनन्दि ठाकुर ९८१६७२२५३६ |
| | | सिराहा, बजार सिराहा | २० जना | ३९० घण्टा | साधरण लेखपढ | मनोज कुमार लालकर्ण ९८०१६०१२१७ |
| | | तालिम केन्द्र जनकपुरधाम | २० जना | ३९० घण्टा | साधरण लेखपढ | सुनिता कुमारी मण्डल ९८४४४१७७८१ |
| | | जलेश्वर महोत्तरी | २० जना | ३९० घण्टा | साधरण लेखपढ | चुनचुन देवि शर्मा ९८४४०२१२६३ |
| | | बरहथवा , सर्लाही | २० जना | ३९० घण्टा | साधरण लेखपढ | रुपेश कर्ण ९८५४०३८९४८ |

१. प्रशिक्षार्थीहरुले आवेदन फाराम भर्न नेपाली नागरिकताको प्रतिलिपि १ प्रति फोटो १ प्रति र शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपिको साथमा यस केन्द्रबाट निशुल्क प्राप्त हुने आबेदन फाराम भरी मिति २०८१।११।१८ गते भित्र बुझाउनुपर्नेछ साथै तालिम केन्द्र बाहेक अन्य तोकिएको स्थानमा सम्पर्क व्यक्ति संग सम्पर्क गरी उल्लेखित कागजात सहित २०८१।११।१८ गते भित्र आवेदन दिन सकिनेछ ।
२. तालिम लिन ईच्छुक उम्मेदबारको उमेर १८ वर्ष देखी ४० वर्ष सम्म हुनुपर्नेछ । प्रशिक्षार्थी छनौट अर्न्तबार्ता द्धारा गरिनेछ ।
३. माथी उल्लेखित तालिम कार्यक्रमहरुमा प्रशिक्षार्थी अपुग भएमा तालिम सञ्चालन गर्ने नगर्ने अधिकार केन्द्रमा निहित हुनेछ ।
४. आबेदन फाराम यस तालिम केन्द्रको वेवसाईट खकमतअमजबलगकजबाbमजभकजाnयखालउ बाट पनि डाउनलोड गर्न सकिनेछ । साथै आबेदन फाराम भरेर आवश्यक कागजात संलग्न गरी तोकिएको समय भित्र तालिम केन्द्रको ईमेलः खकमतअमजबलगकजबरkबषीअफ मा समेत पठाउन सकिनेछ ।
५. २०८१।११।१९गते सम्पर्क मिति राखिएको छ र अर्न्तबार्ता सम्बन्धि सूचना सम्पर्क मितिको दिनमा तालिम केन्द्रको वेवसाईटमा प्रकाशित गरिनेछ । तालिम केन्द्रमा सञ्चालन हुने तालिम बाहेक अन्यत्र सञ्चालन हुने तालिम कार्यक्रममा आबेदन दिने प्रशिक्षार्थीहरुलाई टेलिफोन सम्पर्क गरी अर्न्तबार्ता संबन्धि जानकारी गराईनेछ र तालिम केन्द्रको वेवसाईट बाट पनि जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।
६. उपरोक्त अनुसारको तालिममा विपन्न, द्धन्द पिडित, दलित,अपाङ्ग,शहिद परिवार,एकल महिलालाई विशेष प्राथमिकता दिईनेछ ।
७. अन्य बृस्तित जानकारीको लागी तालिम केन्द्रमा वा फोन नं ०४१५२२६३७/९८४४०५२१०० मा सम्पर्क गर्न सकिनेछ ।



**Madhesh Province Government**

**Ministry of Education and Culture**

**Janakpurdham, Dhanusha**

**Invitation for Bids for the The Procurement of Supply & Delivery Of Two Wheeler Vehicle**

**Contract Identification No: MOEC/GOODS/NCB/2081-082/02**

**Date of Second publication: 16 Feb 2025**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for The Procurement of Supply & Delivery Of Two Wheeler Vehicle (IFB No: MOEC/GOODS/NCB/2081-082/02). Bidding is open to all eligible Nepalese Bidders.
2. The Ministry of Education and culture invites electronic bids from eligible bidders for the procurement of The Procurement of Supply & Delivery Of Two Wheeler Vehicle under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. Interested Bidders Shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Name of the Bank:** Rastriya Banijya Bank Ltd. , Janakpurdham Dhanusha.

**Name of the Office:** Ministry of Education and culture

**Office Code no:** 3500017012

**Office Account no:** 1000100200010000

**Rajaswa (revenue) Shirshak no:** 14229

**The amount of bid document fee and bid security must be:**

| Package | Description | Bid Document Fee | Bid Security |
|---|---|---|---|
| I | 125 CC Motorcycle | 3000.00 | 37500 |
| II | 125 CC Scooter | 3000.00 | 12500 |

5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before 03-03-2025 12:00. Bids received after this deadline will be rejected.

The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 03-03-2025 14:00 hours at the office of Ministry of Education and culture Janakpurdham, Dhanusha, Nepal Janakpur, Dhanusa Madhesh Pradesh Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security mentioned above which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days).

**Bid security deposit in the following bank.**

**Name of the Bank:** Rastriya Banijay Bank,Janakpurdham.

**Name of Office :** Pradesh Lekha Niyantrak Karyalay Madesh Province, Janakpurdham

**Office Account no.:** 1220100202030000

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.
7. The Bid is in package and evaluation will be done in package.

# जेलेन्स्कीद्वारा युक्रेनको 'सुरक्षा सुनिश्चितता' का लागि माग



**एएफपी**

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी उपराष्ट्रपतिसँगको भेटमा आफूले युक्रेनको 'सुरक्षा ग्यारेन्टी' मागेको बताउनुभएको छ।

मस्कोसँग युद्धविराम सम्झौताका लागि ट्रम्प प्रशासनको प्रयासबारे छलफल गर्ने क्रममा युक्रेनी राष्ट्रपति जेलेन्स्कीले युक्रेनको 'सुरक्षा ग्यारेन्टी' मागेको अन्तरराष्ट्रिय सञ्चारमाध्यमलाई बताउनुभएको हो।

जेलेन्स्कीले अमेरिकी उपराष्ट्रपति जेडी भान्ससमेत सहभागी म्युनिख सुरक्षा सम्मेलनमा तीन वर्षे युक्रेन युद्धलाई समाप्त गर्ने वासिङ्टनको प्रयासमा किनारा नलगाइयोस् भनेर सुनिश्चित गर्ने युक्रेनी प्रयासलाई प्रस्तुत गर्नुभएको हो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसै साता रुसी नेता भ्लादिमिर पुटिनसँग युद्धविराम वार्ता सुरु गर्न चाँडै नै भेट्ने घोषणा गरेपछि यसले युक्रेनका लागि अमेरिकी समर्थनको यथास्थितिलाई लिएर अमेरिकाका मित्रराष्ट्रहरूलाई स्तब्ध पारेको छ।

म्युनिखमा पत्रकारहरूसँग कुरा गर्दै जेलेन्स्कीले युद्धको अन्त्य हुनुअघि ह्वाइट हाउससँग 'थप कुरा' गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो।

"हामी शान्ति चाहन्छौं तर हामीलाई वास्तविक सुरक्षा ग्यारेन्टी चाहिएको छ," भान्ससँगको पहिलो भेटपछि उहाँले भन्नुभयो। जेलेन्स्कीको चिन्ता अमेरिकी सञ्चारमाध्यम एनबीसीसँगको अन्तर्वार्ताको पूर्वावलोकनमा पनि प्रदर्शित भएको थियो, जसमा भनिएको थियो, "संयुक्त राज्य अमेरिकाको समर्थन बिना युक्रेनको स्वतन्त्र अस्तित्वका साथ बाँच्नको लागि निकै कम मौका हुनेछ।"

यसबीच भान्सले जेलेन्स्कीसँग 'राम्रो कुराकानी' भएको बताउनुभएको छ र युद्धको अन्त्य गर्ने अमेरिकी ट्रम्प प्रशासनको लक्ष्यलाई स्वीकार गर्नुभएको छ। "हामी पूर्वी युरोप दुई वर्षपछि द्वन्द्वमा फस्ने खालको शान्ति नभई स्थायी तथा दिगो शान्ति हासिल गर्न चाहन्छौं,"भान्सले भन्नुभयो।

जेलेन्स्कीले एक्समा उल्लेख गरे अनुसार युत्रविराम र शान्ति वार्ताबारे थप छलफलका लागि वासिङ्टनबाट एक जना दूतले किएभको भ्रमण गर्नुहुनेछ।

उहाँले लेख्नुभएको छ, "हामी वास्तविक र प्रत्याभूत शान्तितर्फ जतिसक्दो चाँडो अघि बढ्न तयार छौं।" युक्रेनी नेताले पुटिनको ९० मिनेट लामो फोन वार्तापछि यसै साता ट्रम्पसँग भएको फोन वार्ता 'सुखद नभएको' बताउनुभएको थियो।

अमेरिकी अधिकारीहरूले रुसको आक्रमणसँग लडिरहेको तीन वर्षपछि युक्रेनलाई चिसोमा नछोड्ने बताएका छन्। म्यूनिख बैठकअघि भान्सले संयुक्त राज्य अमेरिका रुसलाई दबाब दिन तयार रहेको बताउँदै युरोप 'निश्चित रूपमा' टेबलमा रहनुपर्ने बताउनुभयो।

उहाँले युरोपलाई आफ्नो प्रतिरक्षालाई मजबुत बनाउन र वासिङ्टनलाई विश्वका अन्य देशहरूमा खतराहरूमा ध्यान केन्द्रित गर्न अनुमति दिन पनि आग्रह गर्नुभएको छ। रासस

## गाजा युद्धविरामः

# इजरायली बन्धक र प्यालेस्टिनी कैदी रिहा गर्ने तयारी

**एएफपी**

गाजाका लडाकूहरूले इजरायली हिरासतमा रहेका ३६९ प्यालेस्टिनीहरूको बदलामा शनिबार तीन इजरायली बन्धकहरूलाई रिहा गर्ने तयारी भइरहेको छ।

इजरायल र हमासले आपसमा जनवरी १९ को युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउँदै आएका छन्। युद्धविराम उल्लङ्घन गरेको आरोपमा प्यालेस्टिनी लडाकू समूह हमासले रिहाई रोक्ने बताएको थियोभने इजरायलले गाजा पट्टीमा युद्ध पुनः सुरु गर्ने चेतावनी दिएको थियो। तर, मध्यस्थकर्ताको व्यापक पहलपछि उनीहरूले बन्धक तथा कैदी आदानप्रदान प्रक्रियालाई निरन्तरता दिने र शनिबार छैठौं समूहलाई रिहा गर्ने बताएका छन्।

दुवै पक्षले शनिबारका लागि तय गरिएको बन्धक रिहाइ अघि बढ्ने सङ्केत शुक्रबारदिएकाथिए।इजरायलीप्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि गाजाका लडाकुले कब्जामा लिएका अमेरिकी मूलका इजरायली सागुइ डेकेल-चेन, रूसी मूलका इजरायली साशा ट्रुपानोभ र अर्जेन्टिनी मूलका इजरायली याइर होर्नलाई रिहा गर्न लागिएको हो।

प्यालेस्टाइनी प्रिजनर्स क्लब एडभोकेसी ग्रुपका अनुसार इजरायलले बदलामा ३६९ जना कैदीलाई रिहा गर्ने र तीमध्ये २४ जनालाई इजरायलबाहिर पठाउने अपेक्षा गरिएको छ।

समूहका अनुसार तीमध्ये अधिकांश ३३३ जना गाजा पट्टीका कैदीहरू हुन् जसलाई अक्टोबर ७ पछि गिरफ्तार गरिएको थियो। कमजोर युद्धविरामलाई तोडिने विन्दुमा पुऱ्याएको जस्तो देखिएको सङ्कटपछि हमासले शुक्रबार युद्धविरामको दोस्रो चरणको वार्ता अर्को हप्ताको सुरुमा सुरु हुने अपेक्षा गरेको बताएको छ।

इजरायलको शीर्ष समर्थक र युद्धको समयमा मध्यस्थता प्रयासमा संलग्न अमेरिका र यसका विदेशमन्त्री मार्को रुबियो गाजा युद्धविरामको बारेमा नेतन्याहूसँग अपेक्षित वार्ताअघि शनिबार अबेर इजरायल आइपुग्नुहुनेछ। मुक्त इजरायली बन्धकहरूको दयनीय अवस्थाले कैदको अवस्थाको बारेमा चिन्ता उत्पन्न गरेको गत हप्ताको रिहाइले इजरायल र बाहिर पनि आक्रोश फैलाएको थियो।



इजरायली मूलका अमेरिकी बन्धक कीथ सिगेलले आफू बन्धक हुँदा आफू 'भोकै बसेको र शारीरिक र भावनात्मक रूपमा यातना दिइएको' बताउनुभएको थियो।

केही कैदीहरूलाई रिहा गर्दा उपचारको आवश्यकता परेपछि इजरायली हिरासतमा रहेका प्यालेस्टिनीहरूबारे पनि चिन्ता व्यक्त गरिएको थियो।

### दोस्रो चरण

कतार, इजिप्ट र संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा भएको युद्धविराम सम्झौताको ४२ दिने पहिलो चरणको शर्तअनुसार दोस्रो चरणका लागि फेब्रुअरी ३ देखि वार्ता सुरु हुने तय भएको थियो।

नेतन्याहूले केही दिनपछि दोहामा वार्ताकारहरू पठाउनुभएको थियो तर प्रतिनिधिमण्डललाई युद्ध अन्त्यको दिशामा कदम हरू तय गर्नको लागि दोस्रो चरणको छलफल गर्न अधिकार दिइएको थिएन।

हमासका अधिकारी ताहेर अल-नुनुले शुक्रबार एएफपीसँग भन्नुभयो, "हामीले दोस्रो चरणको युद्धविराम वार्ता अर्को हप्ताको सुरुमा सुरु हुने अपेक्षा गरेका छौं।" वार्ताबारे जानकार अर्को स्रोतले एएफपीलाई भन्यो, "मध्यस्थहरूले हमासलाई अर्को हप्ता दोहामा दोस्रो चरणको वार्ता सुरु हुने आशा गरेको जानकारी दिएका छन्।"

सन् २०२३ को अक्टोबर ७ मा इजरायलमा भएको आक्रमणमा परी एक हजार २११ जनाको मृत्यु भएको इजरायलको आधिकारिक तथ्याङ्कमा उल्लेख छ।

हमास लगायत इस्लामिक लडाकूहरूले २५१ जनालाई बन्धक बनाएका थिए। ती बन्धकमध्ये अधिकांश मुक्त भइसकेका छन् भने उनीहरूमध्ये ७३ जना गाजामा रहेका छन्। गाजामा रहेका भनिएका उनीहरूमध्ये ३५ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ।

इजरायलको जवाफी कारबाहीमा गाजामा कम्तीमा ४८ हजार २३९ जनाको मृत्यु भएको छ, जसमध्ये अधिकांश सर्वसाधारण रहेको संयुक्त राष्ट्रसङ्घले विश्वासिलो मानेको हमासद्वारा सञ्चालित क्षेत्रको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कले देखाएको छ।

# हमासद्वारा थप तीन इजरायली बन्धक रिहा, रेडक्रसलाई जिम्मा लगाइयो


**एएफपी**

गाजास्थित इस्लामिक लडाकू समूह (हमास)ले शनिबार थप तीन जना इजरायली बन्धकहरूलाई रिहा गर्दै रेडक्रसको जिम्मा लगाएका छन्।

बदलामा शनिबार नै इजरायली हिरासतबाट ३६९ जना प्यालेस्टिनीहरूलाई रिहा गरिनेछ। हमासका नकाबधारी लडाकूहरूले गाजाको दक्षिणी शहर खान युनिसको एक मञ्चमा बन्धकहरूलाई परेड गराएपछि उनीहरूलाई रेडक्रसलाई हस्तान्तरण गर्नुअघि भीडलाई सम्बोधन गर्न भनिएको थियो।

आफ्ना अपहरणकारीहरूले दिएको उपहारको झोला र आफ्नो कैदको अन्त्यको प्रमाणपत्र समातेर लडाकुहरूको साथमा रहेका तीनै जनाले युद्धविराम सम्झौताअन्तर्गत थप बन्धक आदानप्रदान पूरा गर्न आह्वान गरेका थिए।

गत जनवरी १९ मा इजरायल र हमासबीच भएको युद्धविराम सम्झौता भङ्ग हुन लागेको आशङ्कापछि शुक्रबार दुवै पक्षले शनिबारको अदलाबदली अघि बढ्ने सङ्केत दिएका छन्। यो बन्धक तथा कैदी आदानप्रदानको छैटौं समूह हो। हमास र इस्लामिक जिहादका स्रोतका अनुसार उक्त समूहले करिब



२०० लडाकूलाई सुपुर्दगी समारोहका लागि तैनाथ गरेको थियो।

तेल अभिवको 'होस्टेज स्क्वायर'मा पनि भीड जम्मा भएको थियो र धेरैले इजरायली झण्डा र पोस्टर बोकेका थिए। यसअघि, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि गाजाका लडाकुले कब्जामा लिएका अमेरिकी मूलका इजरायली सागुइ डेकेल-चेन, रूसी मूलका इजरायली साशा ट्रुपानोभ र अर्जेन्टिनी मूलका इजरायली याइर होर्नलाई रिहा गर्न लागिएको बताएको थियो।

सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि गाजाका लडाकुले उनीहरूलाई कब्जामा लिएका थिए। इजरायलले बदलामा ३६९ कैदीलाई रिहा गर्ने प्यालेस्टाइनी प्रिजनर्स क्लबको वकालत गर्ने एक समूहले जानकारी गराएको छ।

सम्झौता असफल हुने सङ्घारमा पुगेपछि हमासका एक अधिकारीले युद्धविरामको दोस्रो चरणको वार्ता अर्को हप्ताको सुरुमा हुने अपेक्षा गरिएको छ।

# फिलिपिन्समा डेङ्गुको प्रकोप

**एएफपी**

फिलिपिन्सको राजधानी मनिलाको सबैभन्दा बढी जनसङ्ख्या भएको क्वेजोन नगरमा डेङ्गुको प्रकोप फैलिएको छ।

क्वेजोनका नगर प्रमुखले शनिबार डेङ्गुको प्रकोप फैलिएको घोषणा गर्दै नागरिकहरूलाई आवश्यक सावधानी अपनाउन आग्रह गर्नुभएको हो। क्वेजोन शहरका प्रमुख जोय बेलमोन्टका अनुसार जनवरी १ देखि फेब्रुअरी १४ सम्मको अवधिमा शहरको स्वास्थ्य विभागले एक हजार ७६९ बिरामीहरूमा डेङ्गु सङ्क्रमण भएको पुष्टि गरेको छ। यो सङ्क्रमण दर गत वर्षको तुलनामा लगभग २०० प्रतिशत बढी हो।

बेलमोन्टका अनुसार यो बर्ष आठ नाबालकसहित १० जनाको यस रोगका कारण मृत्यु भएको छ। बेलमोन्टले भन्नुभयो, "डेङ्गुको प्रकोपको हाम्रो घोषणा सङ्क्रमणको स्थितिको शीर्ष अवस्थामा रहेको जानकारी गराउन भएको हो।"




उहाँले भन्नुभयो, "हामी हाम्रा बासिन्दाहरूलाई यस घातक रोगबाट, विशेष गरी हाम्रा बच्चाहरूलाई बचाउन सक्दो प्रयास गरिरहेका छौं भन्ने सुनिश्चित गर्दछ।" सङ्क्रमितमध्ये ५८ प्रतिशत पाँचदेखि १७ वर्ष उमेर समूहका विद्यालय जाने उमेरका बालबालिका रहेका छन् भने ४४ प्रतिशत एकदेखि १० वर्ष उमेर समूहका बालबालिका रहेका छन्।

"डेङ्गुको निदानलाई सम्बोधन गर्ने कार्यका लागि प्राथमिक समाधानको रूपमा सबै ६६ शहर स्वास्थ्य केन्द्रहरू सप्ताहन्तमा बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म खुला रहनेछन्," बेलमोन्टले भन्नुभयो। फिलिपिन्सको स्वास्थ्य विभागले पानी र खानाबाट सर्ने रोग, इन्फ्लुएन्जाजस्ता रोग, लेप्टोस्पायरोसिस र डेङ्गुजस्ता रोग बढेको उल्लेख गरेको एक दिनपछि यो शहरमा डेङ्गुको प्रकोप घोषणा भएको हो।

सरकारी तथ्याङ्कअनुसार सन् २०२० सम्ममा क्वेजोन शहरको जनसङ्ख्या करिब ३० लाख रहेको थियो।

# अमेरिकी तेल र ग्यास उत्पादन बढाउन राष्ट्रपति ट्रम्पको निर्देशन

**एएफपी**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी जीवाश्मइन्धनको उत्पादन र निर्यातलाई बढावा दिन नयाँ परिषद स्थापना गर्न शुक्रबार एक कार्यकारी आदेशमा हस्ताक्षर गर्नुभएको छ।

अमेरिकी घरेलु तेल र ग्याँस उत्पादनलाई आंशिक रूपमा निर्यातको लागि नेतृत्व लिने जिम्मा दिइएको, राष्ट्रिय ऊर्जा प्रभुत्व परिषदको अध्यक्षता आन्तरिकमामिला मन्त्री डग बर्गमले गर्नुहुनेछ।

ट्रम्पले राष्ट्रपति कार्यालयभित्र कार्यकारी आदेशमा हस्ताक्षर गरिरहँदा बर्गमले भन्नुभयो, ट्रम्पले शुक्रबार एक लाइसेन्समा हस्ताक्षर गर्नुभएको छ जसले अमेरिकी राज्य लुइसियानामा कमनवेल्थ एलएनजीलाई तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) निर्यात गर्न अनुमति दिनेछ।

नयाँ निर्देशनसँगै नयाँ अपतटीय तेल र ग्यास ड्रिलिङमा बाइडेनको निर्देशनमा प्रतिबन्ध लगाइएको लगभग ६३५ मिलियन एकड (२.५७ मिलियन वर्ग किलोमिटर) अपतटीय सङ्घीय जल क्षेत्र अब तेल र ग्यास उत्पादनको लागि खुला भएको छ।

राष्ट्रपति ट्रम्पले भन्नुभयो, "यदि तपाईं यसलाई कम्पनीको दृष्टिकोणबाट हेर्नुहुन्छ भने, तपाईं नेट वर्थको पक्षमा हनुहुन्छ भन्ने बुझिन्छ। उनीहरूले हाम्रो नेटवर्थ नष्ट गरेका छन्। हामी यसलाई फिर्ता गर्दैछौं।"

# कङ्गोको क्षेत्रीय युद्ध रोक्न राष्ट्रसङ्घका प्रमुख गुटेर्रेसद्वारा आग्रह

**एएफपी**

संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेर्रेसले रुवान्डासमर्थित लडाकूहरूले डेमोक्र्याटिक रिपब्लिक अफ कङ्गो (डीआरसी) को दोस्रो प्रान्तीय राजधानी कब्जा गरेको भोलिपल्ट अफ्रिकी शिखर सम्मेलनमा प्रजातान्त्रिक गणतन्त्र कङ्गोको 'क्षेत्रीय अखण्डता'को सम्मान गर्न र क्षेत्रीय युद्धबाट जोगिन आग्रह गर्नुभएको छ।

पूर्वी कङ्गोमा जारी द्वन्द्व रोक्न रुवान्डामाथि अन्तर्राष्ट्रिय दबाब बढेसँगै अदिस अबाबामा सुरु भएको अफ्रिकी युनियनको शिखर सम्मेलनमा द्वन्द्वले चर्चा पाउने निश्चित थियो।

रुवान्डाका राष्ट्रपति पल कगामे उक्त भेलामा सहभागी भए पनि डिआर कङ्गोका राष्ट्रपति फेलिक्स शिसेकेदी आफ्नो देशमा एम-२३ भनिने मार्च २०२३ अभियान अघि बढेपछि उक्त भेलामा अनुपस्थित हुनुभएको छ।

गत महिना उत्तरी किवुको प्रमुख प्रान्तीय राजधानी गोमा कब्जा गर्न कङ्गोली सेनालाई परास्त गरेपछि रुवान्डा समर्थित सशस्त्र समूहले छिमेकी दक्षिण किवुमा आक्रमण गरेको थियो। सुरक्षा तथा मानवीय स्रोतका अनुसार शुक्रबार अर्को महत्वपूर्ण शहर बुकावुमा अनियन्त्रित रुपमा प्रवेश गर्नुअघि त्यहाँको एक महत्वपूर्ण विमानस्थललाई विद्रोहीले कब्जामा लिएका थिए।

'एम-२३ आन्दोलनको निरन्तरताका कारण दक्षिण किवुमा जारी द्वन्द्वले पूरै क्षेत्रलाई नै धरापमा पार्ने खतरा छ," गुटेरेसले



रुवान्डाको नाम उल्लेख नगरिकन शिखर सम्मेलनलाई सम्बोधन गर्दै नेताहरूसँग भन्नुभयो।

उहाँले भन्नुभयो, "क्षेत्रीय तनावलाई कुनै पनि

> "क्षेत्रीय तनावलाई कुनै पनि हालतमा रोक्नुपर्छ।" उहाँले अगाडि भन्नुभयो, "वार्ता सुरु हुनैपर्छ। डीआरसीको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्नैपर्छ।"

हालतमा रोक्नुपर्छ।" उहाँले अगाडि भन्नुभयो, "वार्ता सुरु हुनैपर्छ। डीआरसीको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्नैपर्छ।"

पूर्वी डीआरसीमा क्षेत्रीय द्वन्द्व बढ्दै जाँदा अफ्रिकी सङ्घ (एयू)को डरपोकपूर्ण दृष्टिकोणको आलोचना भएको छ र पर्यवेक्षकहरूले थप निर्णायक कदम चाल्न उससँग माग गरेका छन्। युरोपेली सङ्घ (इयू) ले शनिबार बुकावुको समाचारपछि सबै विकल्पमा तत्काल विचार गरिरहेको बताएको छ।

"डीआरसीको क्षेत्रीय अखण्डताको निरन्तर उल्लङ्घन अनुत्तरित हुनेछैन," विज्ञप्तिमा भनिएको छ। पूर्वी र दक्षिणी अफ्रिकी नेताहरूले फेब्रुअरी ८ मा पाँच दिनभित्र 'तत्काल र बिनाशर्त' युद्धविराम गर्न आह्वान गरेका थिए।

एयू आयोगका निवर्तमान अध्यक्ष मौसा फाकी महमतले शुक्रबार एएफपीसँग कुरा गर्दै 'युद्धविरामको पालना गर्नैपर्छ' भन्दै अफ्रिकी राष्ट्रहरूबीच झडप रोक्न 'सामान्य जनशक्ति परिचालन' भइरहेको बताउनुभयो। सम्मेलनका आयोजकइथियोपियाकाप्रधानमन्त्री अबी अहमदले द्वन्द्व समाधान, कूटनीति र शान्ति स्थापना आफूहरूको प्रयासको केन्द्रबिन्दुमा रहनुपर्नेमा जोड दिनुभएको छ।

शुक्रबार साँझसम्म चलेको द्वन्द्वप्रति समर्पित एयूको शान्ति तथा सुरक्षा परिषद्को बैठकमा कागामे र सिसेकेडी सहभागी हुनुभएको छैन।

# लेबनानमा शान्ति सेनामाथि आक्रमण गरेको आरोपमा २५ जना पक्राउ

**एएफपी**

बेरुत। लेबनानी अधिकारीहरूले शनिबार संयुक्त राष्ट्र सङ्घको काफिलेमा आक्रमण गर्ने २५ भन्दा बढी व्यक्तिलाई गिरफ्तार गरिएको जनाएको छ। उक्त आक्रमणमा बलको निवर्तमान उप कमाण्डर सहित दुई शान्ति सेना घाइते हुनुभयो।

संयुक्त राष्ट्र र लेबनानी अधिकारीहरूले आक्रमणको निन्दा गर्नुभयो।

"लेबनानी सेनाको खुफिया एजेन्सीले २५ भन्दा बढी व्यक्तिलाई गिरफ्तार गरेको छ," आन्तरिक मन्त्री अहमद अल-हज्जरले शनिबार एक आपतकालीन सुरक्षा बैठक पछि पत्रकारहरूलाई बताउनुभयो।

"यी बन्दीहरूले आक्रमण गरेका हुन् भन्ने होइन, तर यसको जिम्मेवार को हो भन्ने अनुसन्धानले देखाउँछ," उहाँले थप्नुभयो।

उक्त आक्रमणमा आफ्नो मिसन सकेर घर फर्किँदै गरेका नेपाली नागरिक तथा निवर्तमान फोर्स कमाण्डर चोकबहादुर ढकाल घाइते हुनुभयो। साथै, लेबनानस्थित संयुक्त राष्ट्रसङ्घीय अन्तरिम बल (युनिफिल) ले आफ्नो एउटा गाडीमा आगजनी गरेपछि छानबिन गर्न आग्रह गरेको छ।

युनिफिलका उपप्रवक्ता कान्डिस अर्डिएलले एएफपीलाई दोस्रो नेपाली शान्ति सैनिक पनि घाइते भएको र अस्पतालमा भर्ना गरिएको बताउनुभयो।

प्रधानमन्त्री नवाफ सलामले आक्रमणको कडा निन्दा गर्नुभयो। लेबनानका लागि संयुक्त राष्ट्र सङ्घका विशेष संयोजक जेनिन हेनिस-प्लास्चार्ट र युनिफिल कमाण्डर जनरल एरोल्डो लाजारोसँगको वार्तामा उहाँले दोषीहरूलाई पक्राउ गर्ने वाचा गर्नुभयो।

# मकवानपुरमा नन फायलर करदाता घट्दो, बक्यौता सङ्कलन बढ्दो



बागमती । वार्षिक आयकर विवरण र बक्यौता नबुझाउने करदातालाई लक्षित गरी आन्तरिक राजस्व कार्यालय हेटौँडाले अभियान चलाएपछि आयकर दाखिला नगर्ने करदाता (नन फायलर) करदाता घट्दै र बक्यौता सङ्कलन बढ्दै गएको छ ।

घरदैलो कार्यक्रम, एसएमएस, पत्रचाार तथा सङ्घ संस्थासँग नियमित अन्तर्क्रियालगायतका कार्यक्रम सञ्चालन गरेपछि लामो समयदेखि आयकर दाखिला नगरी नन फायलर करदाता र बाँकी बक्यौता क्रमशः घट्दै गएको हो । कार्यालयबाट व्यवसायी करदाता प्रमाणपत्र (प्यान) लिएकामध्ये करिब ६५ प्रतिशतभन्दा बढी करदाताले लामो समयदेखि वार्षिक आय विवरण र बक्यौता नबुझाएपछि कार्यालयले त्यस्ता करदाताहरूको अभिलेख तयार पारेर अघि बढेको छ ।

वार्षिक आय विवरण नबुझाउनेमध्ये धेरैजसो उपभोक्ता समितिहरू, धार्मिक समिति, क्लबहरू छन् । "आर्थिक वर्ष २०७९/८० र सो भन्दा अघिल्लो आवको आय विवरण नबुझाउने करदाता बढी छन्", प्रमुख कर अधिकृत युक्तप्रसाद सुवेदीले भन्नुभयो, "त्यसैले आय विवरण नबुझाउने करदाताको अभिलेख तयार पारेर अभियान सुरू गरेका छौँ ।" पहिलो चरणमा घरदैलो कार्यक्रम, एसएमएस, पत्रचाार तथा उद्योग वाणिज्य सङ्घ, सुनचाँदी व्यवसायी सङ्घलगायतका सङ्घ संस्थासँग नियमित करदाता शिक्षा तथा अन्तर्क्रियालाई अघि बढाइएको उहाँको भनाइ छ ।

प्रमुख कर अधिकृत सुवेदीका अनुसार चालु आव २०८१/८२ को असारसम्ममा 'नन फायलर'को सङ्ख्या ३२ प्रतिशतमा झार्ने लक्ष्यका साथ सुरू गरिएको अभियानका कारण माघ महिनासम्ममा नन फायलनर करदाताको सङ्ख्या ५९ प्रतिशतमा झरेको छ । यस्तै केही महिनाअघिसम्म रू ६५ करोड बक्यौता सङ्कलन गर्न बाँकी रहेकोमा अभियान सञ्चालन भएपछि बक्यौता पनि रू ४५ करोडमा झरेको प्रमुख कर अधिकृत सुवेदीले बताउनुभयो ।

अभियानका क्रममा सो कार्यालयले अन्तःशुल्क ऐनअन्तर्गत इजाजत लिएका करदाताले साउन महिनाभित्र नवीकरण नगरेका दुई सय ३९ लागि पहल गरिदिन मकवानपुर जिल्लाको १० वटै पालिकालाई पत्राचार गरिएको प्रमुख कर अधिकृत सुवेदीले बताउनुभयो । व्यावसायिक करदाता प्रमाणपत्र लिएकामध्ये कतिपय करदाताको मृत्यु भएको, कतिपय वैदेशिक रोजगारीमा गएको र कतिपयले व्यवसायी बिक्री गरिसकेको कारणले पनि समयमा आय विवरण नबुझाउने करदाताको सङ्ख्या बढी देखिएको हुनसक्ने उहाँको कथन छ ।

दर्ता भएर पनि लामो समयदेखि कर नबुझाउने करदाताको अभिलेख तयार गरेर बैंक खाता र सम्पत्ति रोक्का गरिने तयारी गरिएको प्रमुख कर अधिकृत सुवेदीले बताउनुभयो । "पटकपटक कर बुझाउन मौखिक र पत्राचार गरिए पनि कर बुझाउन आलटाल गर्ने करदातामाथि कारबाही अघि बढाउँछौँ", प्रमुख कर अधिकृत सुवेदीले भन्नुभयो, "फागुन महिनासम्म छुट सुविधा पनि दिइएको छ, त्यो बेलासम्म धेरै कर बुझाउँछ भन्ने हाम्रो विश्वास छ ।" फागुन महिनासम्म पनि बक्यौता नबुझाउने करदाताको बैंक खाता, कारोबार, घरजग्गा र आयात निर्यात रोक्का गरेका छौं ।"

**लक्ष्यको ८१ दशमलव ४४ प्रतिशत राजस्व सङ्कलन**

आन्तरिक राजस्व कार्यालय हेटौँडा मकवानपुरले चालु आव २०८१/८२ को सात महिनाको अवधिमा रू तीन अर्ब ७० करोड ९१ लाख राजस्व सङ्कलन गरेको छ । यो लक्ष्यको ८१ दशमलव ४४ प्रतिशत सङ्कलन भएको हो । कार्यालय प्रमुख सुवेदीका अनुसार चालु आव २०८१/८२ को सात महिनाको अवधिमा रू चार अर्ब ५५ करोड ४२ लाख नौ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा रू तीन अर्ब ७० करोड ९१ लाख ४२ हजार राजस्व सङ्कलन गर्न सफल भएको छ ।

यही साउनदेखि माघ महिनासम्मको अवधिमा अन्तशुल्कतर्फ रू दुई अर्ब १२ कारेड १६ लाख २९ हजार, आयकरतर्फ रू ६५ करोड ५८ लाख ८१ हजार, मूल्यअभिवृद्धि करतर्फ रू ५० करोड ४७ लाख ९३ हजार, स्वास्थ्य जोखिम करतर्फ रू ३५ करोड ६७ लाख ३१ हजार, ब्याजकरतर्फ रू पाँच करोड ९१ लाख तीन हजार र बहालकरतर्फ रू एक करोड १० लाख छ हजार राजस्व सङ्कलन भएको प्रमुख सुवेदीले बताउनुभयो ।

प्रमुख सुवेदीका अनुसार चालु आव २०८१/८२ मा रू आठ अर्ब ४४ करोड राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य छ ।

**"आर्थिक वर्ष २०७९/८० र सो भन्दा अघिल्लो आवको आय विवरण नबुझाउने करदाता बढी छन्", प्रमुख कर अधिकृत युक्तप्रसाद सुवेदीले भन्नुभयो ।**

करदातालाई एसएमएस पठाएको छ । यस्तै आयकर विवरण पेस नगरी नन फायलर रहेका १० हजार दुई सय तीन करदाताको मोबाइलमा एसएमएस पठाइएको प्रमुख सुवेदीले बताउनुभयो ।

मूल्य अभिवृद्धि कर ऐनअनुसार विवरण पेस गरी एक लाखभन्दा बढी मूल्य अभिवृद्धि कर बक्यौता रहेका करदातालाई बक्यौता दाखिला गर्न एसएमएस पठाइएको उहाँको कथन छ । यसबाहेक मूल्य अभिवृद्धि करतर्फ नन फायलर रहेका करदातालाई मूल्य अभिवृद्धि कर विवरण पेस गर्न प्रत्येक महिनाको २६ गते फोन तथा पत्र पठाउने गरिएको उहाँले बताउनुभयो ।

यसका साथै ती करदाताको नामावलीसहित आय विवरण बुझाउन र बक्यौता असुलीका

सो कार्यालयमा आयकरतर्फ ३३ हजार पाँच सय ९६, मूल्य अभिवृद्धितर्फ पाँच हजार आठ सय ४९, अन्तशुल्कतर्फ एक हजार पाँच सय ९८, 'विथहोल्ड'तर्फ सात सय ११ र व्यक्तिगततर्फका ८१ हजार आठ सय १२ करदाता रहेका छन् ।

पछिल्लो समय मुलुकमा आर्थिक कारोबार बढ्नु, बैंक तथा वित्तीय संस्थाबाट ऋण प्रवाहमा सहजता हुनु, कर नीतिमा सुधार हुनु, नियमित बजार अनुगमन, करदाता शिक्षा सञ्चालन तथा बाँकी बक्यौता असुलीमा गरिएको कडाइजस्ता कारणले राजस्व सङ्कलनमा वृद्धि भएको प्रमुख सुवेदीको भनाइ छ । रासस

# सात करोडको लागतमा मालिकामा नयाँ भवन

गुल्मी । मालिका गाउँपालिकामा नयाँ प्रशासनिक भवन निर्माण गरिएको छ । सङ्घीय सरकार र स्थानीय सरकारको रु सात करोड ६७ लाख १८ हजार लागतमा उक्त प्रशासनिक भवन निर्माण सम्पन्न भएको हो ।

मालिका-४ अ न्तर्गत अर्खावाङ्गमा उक्त प्रशासकीय भवन निर्माण गरिएको छ । विकोइ श्रेष्ठ तथा सुनील समीर जेभीद्वारा २०७८ भदौमा सम्झौता भएको भवन निर्माणको काम तीन वर्षमा सम्पन्न भएको गाउँपालिका अध्यक्ष देवीराम अर्यालले जानकारी दिनुभयो ।

जिल्लाको दुर्गम पालिकाको रुपमा चिनिले उक्त गाउँपालिकामा सुविधासम्पन्न भवनबाट सेवा प्रवाह गरिने भएको छ । भवनको संरचना अपाङ्गमैत्री रहेको छ । अपाङ्गता भएका कुनै पनि व्यक्ति सहजै कार्यालयको कोठाकोठामा पुगेर सेवा लिनसक्ने बताइएको छ । बाइस हजार स्क्वायर फिटमा बनेको सो भवन साढे तीन तलाको रहेको छ । भवनमा बैठक कक्ष र सभाहलसहित १६ कोठा छन् । गाउँपालिकाको मुख्य केन्द्रमा निर्माण गरिएको उक्त भवन आकर्षक डिजाइनमा निर्माण गरिएको छ । भवनको अभावमा गाउँपालिकाले सम्पूर्ण प्रशासनिक काम एउटा सानो ट्रसबाट गर्दै आएको थियो । सानो ठाउँ र साँघुरा कोठा भएका कारण सेवा लिन आएका नागरिक पनि अलमलमा पर्ने गरेका थिए । अब नयाँ भवन बनेपछि आफूहरुलाई पनि सेवा लिन आउँदा सजिलो हुने स्थानीय राधिका अर्यालले बताउनुभयो । रासस

# लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/११/०४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्वद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्वद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : कर्मैया एलिट इङ्गलिस बोडिङ्ग स्कुल प्रा.लि.**<br>दर्ता कार्यालय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. : २९९१५/०६१/०६२, दर्ता मिति : २०६१/०४/१४<br>कार्यालय ठेगाना : कर्मैया - २, सर्लाही, हाल : वाग्मती - १२, सर्लाही<br>**शेयरधनीहरु : अजय कुमार साह र मनोज कुमार साह**<br>**शाखा कार्यालय : लालबन्दी** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : अजय कुमार साह**<br>बाबुको नाम : आनन्नद साह तेली<br>बाजेको नाम : राम चरन साह<br>ठेगाना : सम्सी - ८, महोत्तरी<br>ना.प्र.प.नं. :८१९३२७२५<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५१/११/२४ | **२. नाम : मनोज कुमार साह**<br>बाबुको नाम : भिखारी प्रसाद<br>बाजेको नाम : सरजुग साह<br>ठेगाना : रघुनाथपुर - ३, महोत्तरी<br>हाल : सोनमा - ३ महोत्तरी<br>ना.प्र.प.नं. :४६४४२१९६<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५०/०७/२४ |

**धितोको विवरण**

कर्मैया एलिट इङ्गलिस बोडिङ्ग स्कुल प्रा.लि. को नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता रहेको हरिवन - ८ ख, सर्लाही स्थित कित्ता नं. १०६४, १०६७, २३१०, १०६३ र १०६६ को क्षेत्रफल क्रमश: ०-३-९-०, ०-१-४-०, ०-०-१४.५-०, ०-३-९-० र ०-१-४-० तथा हरिवन - ८ च, सर्लाही स्थित कित्ता नं. ११५५ र ६१९ को क्षेत्रफल क्रमश: ०-०-१.५-० र ०-१-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| २. | **नाम : श्रीपा एग्रिकल्चर प्रा.लि.**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग वाण्ज्यि तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. : २६३८६/७७/०७८, दर्ता मिति : २०७८/०३/१३<br>ठेगाना : गणेशमान चारनाथ - ६, धनुषा<br>**संचालक/शेयरधनी : विनोद बुढाथोकी, शाखा कार्यालय : जनकपुर**<br>**नाम : विनोद बुढाथोकी**<br>बाबुको नाम : मेग बहादुर बुढाथोकी, बाजेको नाम : कृपासुर बुढाथोकी<br>ठेगाना : मन्थली - १०, रामेछाप, हाल : गणेशमान चारनाथ - ६, धनुषा<br>ना.प्र.प.नं. : २११०३७/१५२६६, जि.प्र.का. रामेछाप, जारी मिति : २०६६/११/११ |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : विनोद बुढाथोकी**<br>बाबुको नाम : मेग बहादुर बुढाथोकी<br>बाजेको नाम : कृपासुर बुढाथोकी<br>ठेगाना : मन्थली - १०, रामेछाप<br>हाल : गणेशमान चारनाथ - ६, धनुषा<br>ना.प्र.प.नं. : २११०३७/१५२६६<br>जि.प्र.का. रामेछाप<br>जारी मिति : २०६६/११/११ | **२. नाम : सृजना भुसाल बुढाथोकी**<br>पतिको नाम : विनोद बुढाथोकी<br>ससुराको नाम : मेग बहादुर बुढाथोकी<br>ठेगाना : मन्थली - १०, रामेछाप<br>हाल : गणेशमान चारनाथ - ६, धनुषा<br>ना.प्र.प.नं. : ६४-०१-७०-०१९३२<br>जि.प्र.का. रामेछाप<br>जारी मिति : २०७०/०४/२२ |

**धितोको विवरण**

१. विनोद बुढाथोकीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको भरतपुर - ६ क, १ क र ७ क धनुषा स्थित कित्ता नं. ५३९, १७३५ र ३०० को क्षेत्रफल क्रमश: ०-१-१०-०, ०-०-१९-० र ०-७-१३-८ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. विनोद बुढाथोकीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको तल्लो गोदार - ४ क, धनुषा, हाल गण्शमान चारनाथ - २, धनुषा स्थित कित्ता नं. १०४, ४१७ र ४१८ को क्षेत्रफल क्रमश: ०-१९-५-०, ०-०-१५-० र ०-०-१५-० (विगाहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| ३. | **नाम : जय पोल्ट्री फर्म**<br>दर्ता कार्यालय : नेपाल सरकार, घरेलु तथा साना उद्योग कार्यालय, मंलगवा सर्लाही<br>दर्ता नं. : ९६६/०७७/०७८, दर्ता मिति : २०७७/१०/१८<br>कार्यालय ठेगाना : ईश्वरपुर - ११, सर्लाही<br>**संचालक तथा शेयरधनी : जय प्रकाश ठाकुर, शाखा कार्यालय : लालबन्दी** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : जय प्रकाश ठाकुर**<br>बाबुको नाम : प्रमेश्वर ठाकुर<br>बाजेको नाम : प्रयाग ठाकुर<br>ठेगाना : ववरगंज - ८., सर्लाही<br>हाल : चन्द्रनगर - २, सर्लाही<br>ना.प्र.प.नं. : १९१०५४ /४०२<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६९/०३/०३ | **२. नाम : राम राजी देवी ठाकुर**<br>पतिको नाम : प्रमेश्वर ठाकुर<br>ससुराको नाम : प्रयाग ठाकुर<br>ठेगाना : ववरगंज - ५., सर्लाही<br>हाल : चन्द्रनगर - २, सर्लाही<br>ना.प्र.प.नं. : १९३०५३/९२६<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६३/१२/३० |
| **३. नाम : ईन्द्रभुषण ठाकुर बठही**<br>बाबुको नाम : प्रमेश्वर ठाकुर<br>बाजेको नाम : प्रयाग ठाकुर<br>ठेगाना : ववरगंज - ८., सर्लाही<br>हाल : चन्द्रनगर - २, सर्लाही<br>ना.प्र.प.नं. : १९१०५३/८९<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६५/०९/२८ | **४. नाम : प्रमेश्वर ठाकुर**<br>बाबुको नाम : प्रयाग ठाकुर<br>बाजेको नाम : विलट ठाकुर<br>ठेगाना : ववरगंज - ८., सर्लाही<br>हाल : चन्द्रनगर - २, सर्लाही<br>ना.प्र.प.नं. : १९३०५३/२५१<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६३/१२/२९ |

**धितोको विवरण**

प्रमेश्वर ठाकुरको नाममा मालपोत कार्यालय मंलगवा सर्लाहीमा दर्ता रहेको ववरगंज - ८ क, सर्लाही स्थित कित्ता नं. १०९८ को क्षेत्रफल ०-०-१६, ववरगंज - ८ ख, सर्लाही स्थित कित्ता नं. ३१४, ८६९ र ९०७ को क्षेत्रफल क्रमश: ०-१-१०, ०-२-१० र ०-१-१८.७५ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| ४. | **नाम : श्याम कन्ट्रक्सन**<br>नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग<br>दर्ता नं. ९३११/५९/०७४/०७५, दर्ता मिति : २०७४/०५/०४<br>ठेगाना : क्षिरेश्वरनाथ न.पा. - ६, धनुषा<br>**संचालक तथा शेयरधनी : राजेन्द्र दास तत्मा, शाखा कार्यालय : जनकपुर** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : संजु देवि दास तत्मा**<br>पतिको नाम : श्याम दास तत्मा<br>ससुराको नाम : वेचन दास तत्मा<br>ठेगाना : बनिनीया - ७, धनुषा<br>हाल : छिरेश्बरनाथ - ६, धनुषा<br>ना.प्र.प.नं. १७३०९४/४८०<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१२/०७ | **२. नाम : अमिरती देवि तत्मा**<br>पतिको नाम : वेचन दास तत्मा<br>ससुराको नाम : मखन दास तत्मा<br>ठेगाना : बनिनीया - ७, धनुषा<br>हाल : छिरेश्बरनाथ - ६, धनुषा<br>ना.प्र.प.नं.०७७४११७९<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४३/१०/१३ |
| **३. नाम : राजेन्द्र दास तत्मा**<br>बाबुको नाम : वेचन दास तत्मा<br>बाजेको नाम : मखन दास तत्मा<br>ठेगाना : बनिनीया - ७, धनुषा<br>हाल : छिरेश्बरनाथ - ६, धनुषा<br>ना.प्र.प.नं. ०७७४२४०७<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५९/०४/०१ | **४. नाम : श्याम दास तत्मा**<br>बाबुको नाम : वेचन दास तत्मा<br>बाजेको नाम : मखन दास तत्मा<br>ठेगाना : बनिनीया - ७, धनुषा<br>हाल : छिरेश्बरनाथ - ६, धनुषा<br>ना.प्र.प.नं. ०७७४२१६९<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५६/०२/११ |

**५. नाम : बबिता देवि दास**
पतिको नाम : राजेन्द्र दास तत्मा, ससुराको नाम : वेचन दास तत्मा
ठेगाना : बनिनीया - ७, धनुषा, हाल : छिरेश्बरनाथ - ६, धनुषा
ना.प्र.प.नं. १७३०९४/२९६, जि.प्र.का. धनुषा, जारी मिति : २०६३/१२/०४

**धितोको विवरण**

१. संजु देवि दास तत्माको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको सखुवा - ६/क, धनुषा स्थित कित्ता नं. १२२९ को क्षेत्रफल ०-२-०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. लुम्बिनि विकास बैंक धनी भई श्याम कन्ट्रक्सन ऋणीको नाममा यातायात ब्यवस्था कार्यालय जनकपुरमा दर्ता रहेको सवारी नं. प्रदेश २-०२-००१-०३२९ रहेको JCB Backhoe Loader - १ थान ।

| क.सं. | ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| ५. | **नाम : उपेन्द्र न्यौपाने**<br>बाबुको नाम : केशव प्रसाद न्यौपाने<br>बाजेको नाम : चुडा मणी न्यौपाने<br>ठेगाना : तलाखु - ५, नुवाकोट<br>हाल : गाणेशमान चारनाथ - ३, धनुषा<br>ना.प्र.प.नं. : २५-०१-७१-०२६६२<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०७१/०४/१४<br>**शाखा कार्यालय : जनकपुर** | **नाम : केशव प्रसाद न्यौपाने**<br>बाबुको नाम : चुडा मणी न्यौपाने<br>बाजेको नाम : अदु न्यौपाने<br>ठेगाना : तलाखु - ३, नुवाकोट<br>हाल : गाणेशमान चारनाथ - ३, धनुषा<br>ना.प्र.प.नं. : ४७०७<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०४५/०१/२१ |

**धितोको विवरण**

उपेन्द्र न्यौपानेको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको भरतपुर - ३ ग हाल गाणेशमान चारनाथ -१, धनुषा स्थित कित्ता नं. ३३९ को क्षेत्रफल ०-३-१६-४ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| ६. | **नाम : सुविता कुमारी माली**<br>पतिको नाम : दिगम्बर माली भण्डारी, ससुराको नाम : अच्चेलाल भण्डारी<br>ठेगाना : नोकंल्वा - ७, सर्लाही, हाल : ईश्वरपुर - १, सर्लाही<br>ना.प्र.प.नं. : १९३०४६ /१३६८, जि.प्र.का. सर्लाही, जारी मिति : २०६३/११/३०<br>**शाखा कार्यालय : लालबन्दी** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : दिगम्बर माली भण्डारी**<br>बाबुको नाम : अच्चेलाल भण्डारी<br>बाजेको नाम : बाबु लाल भण्डारी<br>ठेगाना : नोकैल्वा - ७, सर्लाही<br>हाल : ईश्वरपुर - १, सर्लाही<br>ना.प्र.प.नं. : ६५७६४७२९<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५४/१२/०७ | **२. नाम : कुलदिप भण्डारी**<br>बाबुको नाम : दिगम्बर माली भण्डारी<br>बाजेको नाम : अच्चेलाल भण्डारी<br>ठेगाना : ब्रम्हपुरी - ७,सर्लाही<br>हाल : ईश्वरपुर - १, सर्लाही<br>ना.प्र.प.नं. : १९-०१-७४-०८४३८<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७४/०८/०४ |

**धितोको विवरण**

सुविता कुमारी मालीको नाममा मालपोत कार्यालय मंलगवा, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको बल्वासोकनाहा - २ क, सर्लाही स्थित कित्ता नं. २०५ को क्षेत्रफल ०-०-१२-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| ७. | **नाम : रिया किराना पसल**<br>दर्ता कार्यालय : नेपाल सरकार, घरेलु तथा साना उद्योग कार्यालय, मंलगवा, सर्लाही<br>दर्ता नं. : ५३७९/०७४/०७५, दर्ता मिति : २०७४/०८/०७<br>कार्यालय ठेगाना : चन्द्रनगर - ३, सर्लाही<br>**संचालक तथा शेयरधनी : शुभद्रा कुमारी, शाखा कार्यालय : लालबन्दी** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : शुभद्रा कुमारी**<br>पतिको नाम : नरेश चौधरी<br>ससुराको नाम : राम प्रकाश चौधरी<br>ठेगाना : गाहा - ७., महोत्तरी<br>हाल : चन्द्रनगर - ३, सर्लाही<br>ना.प्र.प.नं. : १८३०६१/६९४<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/०९ | **२. नाम : नरेश चौधरी**<br>बाबुको नाम : राम प्रकाश चौधरी<br>बाजेको नाम : सत्य देब चौधरी<br>ठेगाना : ववरगंज - ३, सर्लाही<br>हाल : चन्द्रनगर - ३, सर्लाही<br>ना.प्र.प.नं. : १९-०३५१४०८४<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५९/०७/२६ |

**धितोको विवरण**

नरेश चौधरीको नाममा मालपोत कार्यालय मंलगवा, सर्लाहीमा दर्ता रहेको ववरगंज - ३ ख, सर्लाही स्थित कित्ता नं. ६२३ को क्षेत्रफल ०-२-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| ८. | **नाम : अनिशा मत्सय पालन फर्म**<br>दर्ता कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, मंलगवा, सर्लाही<br>दर्ता नं. : १०४७५/०७७/०७८, दर्ता मिति : २०७७/१२/२५<br>कार्यालय ठेगाना : गोडैता - २, सर्लाही<br>**प्रोप्राईटर : रेखा देवी**<br>**शाखा कार्यालय : लालबन्दी** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : रेखा देवी**<br>पतिको नाम : रामएकवाल मुखिया<br>ससुराको नाम : विन्देश्वर मुखिया<br>ठेगाना : वेल्वा जब्दी - ५, सर्लाही<br>हाल : गोडैता - २, सर्लाही<br>ना.प्र.प.नं. : १९३०२८ /४२८<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६३/१२/२४ | **२. नाम : राम एकवाल मुखिया**<br>बाबुको नाम : विन्देश्वर मुखिया<br>बाजेको नाम : मटुक मुखिया<br>ठेगाना : वेल्वा जब्दी - ५, सर्लाही<br>हाल : गोडैता - २, सर्लाही<br>ना.प्र.प.नं. : १०९४१९०८<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५७/०९/१३ |
| **३. नाम : अजय मुखिया**<br>बाबुको नाम : राम एकबाल मुखिया<br>बाजेको नाम: विन्देश्वर मुखिया<br>ठेगाना : वेल्वा जब्दी - ५, सर्लाही<br>हाल : गोडैता - २, सर्लाही<br>ना.प्र.प.नं. : १९१०२०/२२७<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६८/०८/१८ | **४. नाम : विजय मुखिया**<br>बाबुको नाम : राम एकबाल मुखिया<br>बाजेको नाम: विन्देश्वर मुखिया<br>ठेगाना : वेल्वा जब्दी - ५, सर्लाही<br>हाल : गोडैता - २, सर्लाही<br>ना.प्र.प.नं. : १९१०२०/३०९<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६९/०८/१० |
| **५. नाम : संजय मुखिया**<br>बाबुको नाम : राम एकबाल मुखिया<br>बाजेको नाम : विन्देश्वर मुखिया<br>ठेगाना : वेल्वा जब्दी - ५, सर्लाही<br>हाल : गोडैता - २, सर्लाही<br>ना.प्र.प.नं. : १९-०१-७३-१२४०७<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७३/१२/०४ | **६. नाम : जगु मुखिया**<br>बाबुको नाम : राम एकबाल मुखिया<br>बाजेको नाम : विन्देश्वर मुखिया<br>ठेगाना : गोडैता - २, सर्लाही<br>ना.प्र.प.नं. : १९-०१-७६-०६३६३<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७६/०५/०३ |

**७. नाम : पचु मुखिया**
बाबुको नाम : राम एकबाल मुखिया, बाजेको नाम : विन्देश्वर मुखिया
ठेगाना : गोडैता - २, सर्लाही
ना.प्र.प.नं. : १९-०१-७६-०९६३८, जि.प्र.का. सर्लाही, जारी मिति : २०७६/०८/०३

**धितोको विवरण**

१. अनिशा मत्सय पालन फर्मको नाममा मालपोत कार्यालय मंलगवा, सर्लाहीमा दर्ता रहेको चन्द्रनगर - ३ ख, सर्लाही स्थित कित्ता नं. ११ को क्षेत्रफल ०-२-५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. अनिशा मत्सय पालन फर्मको नाममा मालपोत कार्यालय मंलगवा, सर्लाहीमा दर्ता रहेको चन्द्रनगर - ३ क, सर्लाही स्थित कित्ता नं. ३९४, ३९१ र ४५८ को क्षेत्रफल क्रमश: ०-४-१६-०, ०-२-११-०, ०-२-१८-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
३. रेखा देवीको नाममा मालपोत कार्यालय मंलगवा, सर्लाहीमा दर्ता रहेको बेल्वा जब्दी - ४, सर्लाही स्थित कित्ता नं. २१३५ र ४०० को क्षेत्रफल क्रमश: ०-०-१५ र ०-०-१५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४. रेखा देवीको नाममा मालपोत कार्यालय मंलगवा, सर्लाहीमा दर्ता रहेको बेल्वा जब्दी - ५, सर्लाही स्थित कित्ता नं. २१२ को क्षेत्रफल ०-०-५ (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क.सं. | ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| ९. | **नाम : गौरी शंकर महतो कोइरी**<br>बाबुको नाम : महेश्वर महतो<br>बाजेको नाम : भजन महतो<br>ठेगाना : बबरगंज - ४, सर्लाही<br>हाल : चन्द्रनगर - ४, सर्लाही<br>ना.प्र.प.नं. : १९०३५१३९३८<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५७/११/२८<br>**शाखा कार्यालय : लालबन्दी** | **नाम : रिना देबी**<br>पतिको नाम : गौरी शंकर महतो कोइरी<br>ससुराको नाम : महेश्वर महतो<br>ठेगाना : बबरगंज - ४, सर्लाही<br>हाल : चन्द्रनगर - ४, सर्लाही<br>ना.प्र.प.नं. : १९०३५१४०५०<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५९/०२/१३ |

**धितोको विवरण**

रिना देबीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता रहेको बबरगंज - ४ क, सर्लाही स्थित कित्ता नं. २७४ को क्षेत्रफल ०-०-१०को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८१ फाल्गुण २५ गते आइतबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८१ फाल्गुण २६ गते सोमबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

**लुम्बिनी विकास बैंक लि.**
**Lumbini Bikas Bank Ltd.**
निरन्तर सहयात्रा
**(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)**

**केन्द्रीय कार्यालय:**
**सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

# वनमा आगजनी गरिएको आशंका



**टुडे समाचारदाता**

लहान। सिरहाको कल्याणपुर नगरपालिका-४ भोक्राहास्थित सन्तोष काठ उद्योगमा स्थानीयले गत माघ २१ गते सामुदायिक वनको काठ राखिएको थियो। स्थानीयले सोधखोज गर्दा सो काठ कल्याणपुर-७ भेरियामा रहेको लक्ष्मीनियाँ सामुदायिक वनको रहेको खुलेको छ । उनीहरूले तत्कालै प्रहरी र वन कार्यालयलाई जनाए।

इलाका प्रहरी कार्यालय कल्याणपुर र सव डिभिजन वन कार्यालय, मिर्चैयाबाट गएको टोलीले उद्योगबाट करिब दुई लाख रुपैयाँ बराबरको सिसौ जातको ५९.७२ क्युफिट गोलिया र १६.११ क्युफिट फलेक बरामद गरेर ल्याएको थियो।

काठ बरामद भएको दुई साता पुग्न लाग्दा पनि यसमा संलग्न कोही पनि पक्राउ परेका छैनन्। डिभिजन वन कार्यालय यो घटना ढाकछोपको प्रयासमा लागेको पाइएको छ। उद्योगबाट नै काठ बरामद गरिएको वन कार्यालयको मुचुल्का नै कान्तिपुरले फेला पारे पनि सिरहाका डीएफओ शैलेन्द्रकुमार मिश्र भने उद्योगबाट नभई बाहिरबाट काठ बरामद भएको दाबी गरिरहेका छन्।

काठ बरामदको घटना ढाकछोपमा वन कर्मचारी, उपभोक्ता समिति, स्थानीय प्रहरीदेखि जनप्रतिनिधिसम्म संलग्न रहेको पाइएको छ। लक्ष्मीनियाँ सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष विजय यादव आफूले नै उद्योगमा काठ लगेको स्वीकार गर्छन्।

यता सव डिभिजन वन कार्यालय मिर्चैयाका प्रमुख महेन्द्र यादवले भने यस विषयमा आफूलाई कुनै जानकारी नगराइएको बताएका छन् । वनबाट काठ झिक्नका लागि उपभोक्ता समितिबाट निर्णय गर्नुपर्ने र आफ्नो कार्यालयलाई औपचारिक जानकारी गराउनुपर्ने भए पनि उनीहरूले कुनै प्रक्रिया पूरा नगरेको उनले बताए।

वन उपभोक्ता समितिकी कोषाध्यक्ष नविताकुमारी यादव समितिका अध्यक्षलगायतले आफूलाई सामान्य जानकारीसमेत नदिई वनबाट काठ ल्याएको दाबी गरिन् । वनका अध्यक्षसहित यहाँका केही व्यक्तिले अरु निकायसँग मिलेमतो गरी सिंगो वन नै रित्याइदिएको आरोप पनि उनको छ।

लक्ष्मीनियाँ सामुदायिक वनबाट अवैध रुपमा कटान गरी उद्योगमा पुऱ्याइएको काठ बरामद भएको पाँच दिनपछि वनमा माघ २६ गते बिहानै आगो लागेको थियो । आगलागीका कारण पछिल्लो समय र यसअघि पनि पटक-पटक अवैध ढंगले उक्त वनबाट कटान गरिएका रुखका मुढा र जरा जलेका छन्। यसैगरी, नयाँ रोपिएका विरुवा पनि जलेर नष्ट भएको कोषाध्यक्ष यादवले जानकारी दिइन्। उनका अनुसार गत वर्ष नै उक्त सामुदायिक वनमा ६८ लाख रुपैयाँ खर्चेर नयाँ विरुवा रोपिएको थियो । आगलागीबाट वनमा करिब ३० लाख रुपैयाँ बराबरको क्षति भएको उनको अनुमान छ।

यो आगलागी वन फँडानीको प्रमाण नष्ट गर्ने उद्देश्यले नियोजित रूपमै गरिएको स्थानीयको आरोप छ।

वनका अध्यक्ष यादवले यसमा आफूहरूको कुनै संलग्नता नरहेको भन्दै वन छेउमै खेत भएका किसानले आफ्नो खेतमा आगो लगाउँदा वनसम्म आगो आएको दाबी गरे। यस विषयमा अनुसन्धान भइरहेको डिभिजन वन कार्यालय लहानले जनाएको छ।

# अध्यादेशको विरोध गर्नु अस्थिरता निम्त्याउने प्रयासः ज्ञवाली

अस्थितरता पैदा गर्नुमा नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड अग्रपंक्तिमा रहेको भन्दै उनले आफू सत्तामा रहँदा सबै ठिक देख्ने अनि सत्ताबाट हट्ने वितिकै सबै बेठिक भयो भन्दै अस्थिरता निम्त्याउने प्रचण्डको स्वभाव नै रहेको बताए ।

**टुडे समाचारदाता**

राजविराज । नेपाल कम्युनिस्ट पार्टी (एमाले) का उपमहासचिव प्रदीप ज्ञवालीले अध्यादेशको विरोध गर्नु अस्थिरतालाई निम्त्याउने सरह हुने भन्दै यसलाई गम्भिरता पुर्वक अध्ययन गरेर मात्र प्रतिक्रिया व्यक्त गर्न आग्रह गरेका छन्।




राजविराजमा शनिबार आयोजित पत्रकार सम्मेलनमा उनले अध्यादेशको विरोधमा जथाभावी नबोल्न आग्रह गरे । अस्थितरता पैदा गर्नुमा नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड अग्रपंक्तिमा रहेको भन्दै उनले आफू सत्तामा रहँदा सबै ठिक देख्ने अनि सत्ताबाट हट्ने वित्तिकै सबै बेठिक भयो भन्दै अस्थिरता निम्त्याउने प्रचण्डको स्वभाव नै रहेको बताए।


उनले अहिले राजावादीहरुसंग हिमचिम बढाएको आरोप समेत लगाए। भुमिहीन तथा सर्वाहाराको हितका काम गरेको दाबी प्रस्तुत गर्ने माओवादीले ४ लाख भुमिहीनको समस्या समाधान हुने गरी ल्याइएको भूमिसम्बन्धी अध्यादेशको कसरी विरोध गर्न मिल्छ भनी प्रश्न गरे।

माओवादी केन्द्रसंगै जसपा नेपाल, लोसपा नेपाललगायतले भूमिहीन सम्बन्धि अध्यादेशको मर्म र कुरै नबुझी बिरोध गर्न थालेको उनको टिप्पणी छ। बनजंगल तथा निकुंज मासेर जग्गा बाड्ने उदेश्यले भूमि सम्बन्धि अध्यादेश ल्याइएको होइन भन्ने दाबीका साथ उनले ५० औं वर्ष देखी वसोवास गरेको जग्गाको स्वामित्वबाट बेदखल रहेका, आवासको हकको संबैधानिक ग्यारेन्टीबाट बञ्चित रहेको लगायत भुमिहीन जनताको समस्या समाधानका लागी यस्तो अध्यादेश ल्याइएको उनले प्रस्ट पारे।

सरकार अभिब्यक्ती तथा प्रेस स्वतन्त्रताको विरोधमा छ भन्ने कुरा सोच्न पनि नसकिने दाबीका साथ उनले समाजिक सञ्जालमा चरित्र हत्या गर्ने, समाजिक सदभाव विथोल्ने तथा आत्महत्या गर्न सम्म ब्यक्तीलाई बाध्य तुल्याउने जस्ता कुकृत्य हुन थालेपछी त्यसको नियमन गर्न मात्र सरकारले चाहेको उनले जिकिर गरे।

प्रेस चौतारी नेपाल सप्तरीका अध्यक्ष डम्बर राईको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलनमा एमालेका स्थायी कमिटी सदस्य एवं मधेश प्रदेश इन्चार्ज, लिलानाथ श्रेष्ठ, मधेश प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्री एवं एमालेका केन्द्रिय सदस्य राज कुमार लेखी, एमालेका मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डल, जिल्ला इन्र्चाज सुमन राज प्याकुरेल, जिल्ला अध्यक्ष ताराकान्त चौधरीलगायतको उपस्थिति रहेको थियो।

# गाडीको ठक्करबाट वृद्धको मृत्यु



**टुडे समाचारदाता**

बर्दिवास। महोत्तरीको बर्दिवास नगरपालिका वडा नम्बर ४ स्थित पूर्वपश्चिम लोकमार्गमा सवारी साधनको ठक्करबाट एक वृद्ध मृत्यु भएको छ। शनिबार दिउँसो सवारीको ठक्करबाट गम्भीर घाइते हुनुभएको बर्दिवास ४ का ६० वर्षीय दलबहादुर तामाङको मृत्यु भएको हो।

घाइते तामाङलाई उपचारका बर्दीबासस्थित शुभ स्वास्तिक असपताल पुऱ्याउदा चिकित्सकले मृत घोषणा गरेको बर्दीबासस्थित इलाका प्रहरीले जनाएको छ।

अस्पताल स्रोतका अनुसार ठक्करबाट टाउकोमा गहिरो चोट लागेका कारण अत्यधिक रक्तश्रावका कारण तामाङको मृत्यु भएको हो।

तामाङलाई कुन सवारीले ठक्कर दिएको हो अहिलेसम्म खुल्न सकेको छैन। दुर्घटनास्थल जङ्गली क्षेत्र भएकाले ठक्कर दिने सवारी सहजै फरार भएको प्रहरीले जनाएको छ।

बर्दीबास प्रहरीले दुर्घटनास्थलको सघन अनुसन्धानका साथै फरार सवारीको पहिचान र खोजतलास भइरहेको जनाएको छ। तामाङको शव असपतालमै रहेको जनाइएको छ।

# उखु बोकेको ट्रैक्टर पल्टियो

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको नयाँरोड-बरहथवा सडक अन्तर्गत सर्लाहीको मुर्तिया जङ्गलमा शनिबार दिउँसो उखु बोकको ट्याक्टर अनियन्त्रित भइ सडकमै पल्टिएको छ।

ट्याक्टर पल्टिँदा उखु सडकमै थुप्रिएको थियो। दुर्घटनापछि एकतर्फी सञ्चालन भएको नयाँरोड-बरहथवा सडकमा बरहथवा नगरपालिकाबाट आएको जेसिबीले सडक पन्छाएपछि दुईतर्फी रूपमै सडक सञ्चालन भएको बरहथवा प्रहरीले जनाएको छ।



बरहथवातर्फबाट उखु लोड गरेर हरिवनस्थित इन्दुशङ्कर चिनी उद्योगतर्फ आउँदै गरेको ना. १ त. ४६२४ नम्बरको ट्याक्टर मुर्तिया जङ्गलमा अनियन्त्रित भइ पल्टिएको हो। दुर्घटनामा कुनै मानवीय क्षति भने नभएको इलाका प्रहरी कार्यालय बरहथवाका डीएसपी गौतम थापाले जानकारी दिए।

सर्लाहीका उखु किसानको उखु धमाधम काटेर चिनी मिलमा लैजाने काम गरिरहेका छन्। पटक-पटक लैजाँदा ढुवानी खर्च बढ्ने भन्दै किसानले ट्याक्टर र ट्रकमा क्षमता भन्दा बढी उखु लोड गरेर चिनी मिलसम्म पुऱ्याउने गरेका छन्।

# आफूहरुलाई राजनीतिक गर्न नआउँदा शासित बन्नु परेको दुःखेसो




**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले आफूहरुलाई राजनीतिक गर्न नआउँदा शासित बनेर बाध्य हुनु परेको बताएका छन्।

जनकपुरधाममा शनिबार प्रतिनिधिसभा सदस्यसमेत रहेका अध्यक्ष राउतले मधेशी राजनीति गर्न नजानेकै कारण शासक नभइ शासित हुनु परेको बताए। विद्यार्थी जनमत संघले आयोजना गरेको प्रशिक्षण कार्यक्रममा बोल्दै उनले राजनीतिमा कुनै पनि एक्सक्युज हुन नहुने बताए।

उनले राजनीतिबाट कोही टाढा भाग्न नसक्ने बताउँदै उनले भान्सा घरदेखि हातको मोबाइल र मोबाइलका एप्सहरु पनि राजनीतिबाटै प्रभावित भएकोले अब हरेक मधेशका युवा विद्यार्थी वास्तिवक राजनीतिक चाल बुझ्न जरुरी रहेको बताए।

उनले राजनीति गर्नुपर्ने समय आएकाले पार्टटाइम शान र नामको लागि राजनीति गरेर नहुने कुरा बुझ्न आवश्यक रहेको बताए।

# ४ जना महिलाको उद्धार, दुई जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । मानव बेचबिखनमा संलग्न रहेको अभियोगमा २ जनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा पर्सा वीरगन्ज महानगरपालिका-१६ का ४५ वर्षीय गिनीलाल गुप्ता र भारत बिहार पूर्वी चम्पारण थाना नकरदेही ग्राम भवानीपुर-६ का ४० वर्षीय जय प्रकाश साह रहेका छन्।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले वीरगन्ज महानगरपालिका-१५ स्थित सञ्चालनमा रहेका होटलहरूमा जाँच गर्ने क्रममा राम्रो आम्दानी हुने काममा लगाइदिने प्रलोभनमा पारी होटलमा आएका ग्राहकहरूसँग शारीरिक सम्पर्क राख्न लगाई वेश्यावृत्तिमा लगाउने कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । साथै प्रहरीले ४ जना महिलाको उद्धार समेत गरेको छ।

उनीहरू उपर मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ बमोजिमको कसुरमा प्रहरीबाट थप अनुसन्धान भइरहेको जनाइएको छ।

# चन्द्रनिगापुरमा चौथो चन्द्रपुर महोत्सवको आयोजना हुँदै

**टुडे समाचारदाता**

रौतहट । पूर्व पश्चिम राजमार्ग संग जोडिएको रौतहटको चन्द्रनिहपुरमा चौथो चन्द्रपुर महोत्सवको आयोजना हुने भएको छ।

चन्द्रपुर नगर उद्योग बाणिज्य संघ, चन्द्रपुर नगरपालिका, चन्द्रनिगाहपुर सिटि जेसिज, लायन्स क्लब रौतहट, होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेश, एवं मधेस प्रदेश सरकार उद्योग बाणिज्य तथा पर्यटन मन्त्रालयको मुख्य सहयोगमा चौथो महोत्सवको आयोजना हुन लागेको हो।

यही फाल्गुण ५ गते सोमवार देखि १७ गते सम्म लाग्ने महोत्सवमा स्थानीय कृषि ,लघु उत्पादन , ब्यबसायिक प्रदर्शनी र बिक्री स्टल रहने आयोजकले जनाएको छ। उक्त अवसरमा राष्ट्रिय अन्तराष्ट्रिय स्तरका कलाकार हरुको सांस्कृतिक प्रस्तुति , मनोरञ्जनका लागि बिभिन्न खेल तमासा, बाल उद्यान समेत रहने गरी "कृषि पर्यटन उद्योग व्यापार, संमृद्धिको मुख्य आधार" भन्ने मूल नाराका साथ चौथो चन्द्रपुर महोत्सव तुलसीलाल अमात्य स्मृती रंगशाला चन्द्रनिगाहपुरमा आयोजना हुने आयोजक संघका अध्यक्ष उदय नारायण सापकोटाले बताएका छन्।




महोत्सव लाई आकर्षक बनाउन महोत्सव अवधिभरिनै राष्ट्रिय अन्तराष्ट्रिय कलाकार हरुको कला प्रस्तुति रहने छ । महोत्सवमा रमेश मेलोडी, रचना शिवाकोटी, अस्मिता कार्की, पुष्पा थापा, राजन चौधरी, रवि किसन यादव, श्री कृष्ण लुइटेल (बोके दारी),ढाकाराम पौडेल, अस्मिता कार्की, रुद्रसेन विश्वकर्मा, ज्योती मगर,सरिता दानकुटी (भोजपुरी नायिका) प्रमोद जखमी (भोजपुरी गायक), समीक्षा अधिकारी( विश्व कीर्तिमानी जादुगर), कृष्ण काफ्ले लगायतका कलाकारको प्रस्तुति रहने अध्यक्ष सापकोटाले जानकारी दिएका छन्। महोत्सवको प्रबेश शुल्क १०० रुपैयाँ राखिएको आयोजकले जानकारी दिएको छ।

# फागुन ४ देखि यामाहा मेगा एक्सचेन्ज कार्यक्रम

**टुडे समाचारदाता**

जनकपुरधाम।देशभरकाबाइक उत्साहीहरूका लागि रोमाञ्चक डिल र छुटहरूका साथमा यामाहा नेपालले बाह्रबिघामा यामाहा मेगा एक्सचेन्ज कार्यक्रम शुरु गर्न लागेको छ।




यही फागुन ४ देखि ९ गतेसम्म ग्राहकहरूले आफ्नो पुरानो बाइक र स्कुटरलाई अविश्वसनीय फाइदाहरूसहितका ब्रान्ड (न्यू यामाहा दुई(पाङ्गे सवारी साधनसँग साट्न सक्ने छन्। यसले अब आफ्नो दुई पाङ्गे सवारीको अपग्रेड गर्न पहिलेभन्दा झन् सजिलो र फाइदाजनक बनाएको छ। उक्त कार्यक्रम मधेश प्रदेश श्रम तथा यातायत मन्त्रीद्वारा उद्घाटन हुने भएको छ।

सो एक्सचेन्ज कार्यक्रम आफ्नो हालको सवारीलाई पर्फर्मेन्स, विश्वसनीयता र अत्याधुनिक प्रविधिको लागि परिचित यामाहामा अपग्रेड गर्न चाहने ग्राहकहरूको लागि एक सुनौलो अवसर रहेको आयोजकको भनाइ छ।

**बर्दिवास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बर्दिबास, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

**सुचना ! सुचना !! सुचना !!!**

बर्दिवास नगरपालिकाले आफ्ना नगरवासीहरुलाई सर्पदंश उपचारको क्रममा निःशुल्क गर्ने घोषणा बमोजिम बर्दिवास नगरपालिका र सर्पदंश उपचार केन्द्र बर्दिवासका विच सम्झौता भएको जानकारी गराउदछौ । त्यसैले विरामीहरुको उपचारपछी डिचार्ज हुने समयमा निम्नलिखित प्रमाण पुग्ने कागजात अनिवार्य पेश गर्नुपर्नेमा सर्पदंश उपचार केन्द्र बर्दिवास औपचारिकरुपमा हार्दिक अनुरोध गर्दछ।

१. बर्दिवास नगरपालिका भित्रको स्थायी वासिन्दा भएको प्रमाण।
२. प्रमाणकोरुपमा मतदाता परिचयपत्र/ वडा वा नगरको सिफारिस/ नागरिकताको प्रमाणपत्र/ जन्म वा विवाह दर्ता प्रमाणपत्र जस्ता नगरपालिकामा नै स्थायी वसोवास गरेको प्रमाण पुग्ने कागजात पेश गर्नुपर्ने छ।

**साइवर अपराधबाट बचौं ।**

- सामाजिक सञ्जाल वा अन्य माध्यममा अश्लील श्रव्य, दृष्य वा श्रव्यदृष्य पोष्ट वा शेयर, लाईक नगरौं,
- सामाजिक सञ्जालमार्फत कसैको चरित्रहत्या नगरौं,
- सामाजिक सञ्जालमार्फत अमर्यादित कार्य नगरौं,
- सामाजिक सञ्जालमार्फत गालीगलौज नगरौं,
- सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं,
- विद्युतीय माध्यममार्फत कुनै ठगी नगरौं।

**यस्तो कार्य गर्ने गराउनेलाई कानूनी कारवाही हुन्छ। कानूनी कारबाहीबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८